
बौद्ध मासिक

# धर्म चक्षु



स्व. अनगारिका धर्मशिला

# DHARMA CHAKSHU

मूल्य रु. १५/-

अनगारिका धर्मशिला गुरुमाको १६औं पुण्यतिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने काठमाण्डौं स्थित बुद्ध विहारका
**भिक्षु कोण्डन्य** लाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

**चिनीमाया राजभण्डारी**
माटेपानी, पोखरा

---

अनगारिका धर्मशिलाको १६औं पुण्यतिथिमा गुरुमाको
हार्दिक स्मरण गर्दै उहाँको स्मृतिमा संस्थापित

## धर्मशिला विद्वत वृत्ति

प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्य** लाई हार्दिक शुभकामना ज्ञापन गर्दछु ।

**नारायण देवी शाक्य**
तेर्सापट्टी

---

अनगारिका धर्मशिला गुरुमाको
१६औं पुण्य तिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण
गर्दछौं र उहाँको नाममा स्थापित

## धर्मशिला विद्वत वृत्ति

पहिलो पटक प्राप्त गर्नु हुने

**भिक्षु कोण्डन्यलाई**

हार्दिक बधाई ज्ञापन गरी उहाँको उत्तरोत्तर
उन्नति र प्रगतिको कामना गर्दछु ।

**उत्तर कुमारी पालिखे**
पालिखे चोक, पोखरा

---

अनगारिका धर्मशिलाको १६औं
पुण्यतिथिमा गुरुमाको
हार्दिक स्मरण गर्दै उहाँको स्मृतिमा
संस्थापित

## धर्मशिला विद्वत वृत्ति

प्राप्त गर्नु हुने

**भिक्षु कोण्डन्य** लाई

हार्दिक शुभकामना ज्ञापन गर्दछु ।

**कृष्ण कुमारी ताम्राकार**
ज्ञानमार्ग, नदीपुर

Wondershare PDFelement

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal

**November : 2002**

धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ६, अङ्क ४, पूर्णाङ्क - २१

श्रीघः पुन्ही, कार्तिक २०५९



**प्रकाशक/प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द, फोन नं :- २०५१७

**सम्पादक**

तिलकमान गुभाजू

**व्यवस्थापक**

अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताङ्बे, बलराम लामा)

**सहयोगीहरु**

याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं :- २०२४६

**कम्प्यूटर सेटिङ्ग**

शिव नारायण श्रेष्ठ

**मुद्रण**

हिमालयन अफसेट प्रेस
नयाँ बजार, पोखरा


सम्पादकीय.......................

## अनगारिका धर्मशिला, विद्वत वृत्ति र भिक्षु कोण्डन्य

२०५९ कार्तिक २९ गते हरिवोधिनी एकादशी अनगारिका धर्मशिलाको पुण्यतिथि । २०४३ सालको हरिवोधिनी एकादशीका दिन उहाँ हामीवाट सधैंका लागि बिछोडिएर जानु भएको थियो । त्यो दुःखद दिन वितेको सोह्र वर्ष भैसकेको छ तै पनि उपासक उपासिकाहरुमा उहाँको याद र स्मृति ताजा नै छ । मानिस उसले गरेका गुण र कीर्तिले बाँच्छन भनेको कुरा उहाँको सम्बन्धमा चरितार्थ भएको छ ।

धर्मशिला गुरुमाले १९ वर्षको किशोरावस्थामा नै प्रवज्जित भएर बुद्ध धर्मको प्रचारमा लाग्नु भयो । उहाँले पोखरामा १९९८ सालमा पहिलो बुद्ध विहार स्थापना गर्नुभयो । उहाँले त्यसवेलाको अशिक्षित समाजमा शिक्षाको दीयो बालेर शिक्षित र चेतनशील बनाउने प्रयास गर्नुभयो । उहाँले शिक्षण संस्था स्थापना गर्ने देखि सामाजिक जागरण ल्याउन पनि उत्तिकै प्रयास गर्नु भयो । राजनीतिक क्षेत्रमा पनि उहाँको योगदान अविस्मरणीय छ ।

जीवनको विविध क्षेत्रमा उहाँले योगदान गर्नु भएतापनि उहाँ मूलत अनगारिका हुनु भएकाले बौद्धहरुले उहाँको कीर्ति फैलाउन केही काम गरिरहेका छन् । उहाँको शेषपछि बुद्ध विहार परिवारद्वारा विहारको नाम परिवर्तन गरी धर्मशिला बुद्ध विहार राखिएको छ भने विहार प्राङ्गणमा उहाँको एउटा प्रतिमा स्थापना गरिएको छ । गत वर्ष अनगारिका कर्मशिलाले आफ्ना अग्रजको नाममा धर्मशिला विद्वत वृत्तिको स्थापना गर्नु भएको छ । दाताहरुको उदार सहयोगले गर्दा सो विद्वत वृत्तिको सञ्चालन यसै वर्ष देखि हुन गैरहेको छ ।

विद्वत वृत्ति यस क्षेत्रको लागि सर्वथा नयाँ र नौलो छ । यो विद्वत वृत्ति बुद्ध धर्मको अध्ययन, अनुसन्धान र खोजीका लागि प्रदान गरिन्छ र जसले यो वृत्ति पाउँछ, उसले एकवर्ष सम्म तोकिएको ठाउँ र समयमा प्रवचन दिने र गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्नुपर्ने प्रावधान राखिएको छ । मोफसलमा बौद्ध प्रवचन गर्ने धर्म देशना गर्ने व्यक्तित्वको सर्वथा अभाव भएको वेलामा यसले केही हदतक भए पनि त्यो अभाव पूर्ति गर्ने अपेक्षा गरिएको छ ।

पहिलो पटक सो विद्वत वृत्ति काठमाण्डौं भृकुटी मण्डपस्थित बुद्ध विहारका भिक्षु कोण्डन्यलाई प्रदान गरिने भएको छ । बौद्ध जगतमा उहाँ एक उदीयमान व्यक्तित्व हुनु हुन्छ । विश्वविद्यालयको पढाई पूरा गरी उहाँ बुद्ध धर्मका सोध खोज र प्रचार प्रसारमा लागि रहनु भएको छ । त्यस्तो व्यक्तित्वलाई विद्वत वृत्ति प्रदान गर्नु उपयुक्त र औचित्यपूर्ण छ । हामी उहाँलाई विद्वत वृत्ति पाउनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्न चाहान्छौं र उहाँको उत्तरोत्तर उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# अनगारिका (भक्तिनी) धर्मशिला

तेजनाथ घिमिरे

पोखरा नदीपुर स्थित हालको धर्मशिला बुद्ध विहार धर्मशिलाको जीवन पर्यन्त बुद्ध विहारकै नामले प्रसिद्ध थियो । बाहिरी पर्खालको घेरा भित्र नील काँडाको कलात्मक बारले बेरिएको पर्टाङ्गिनी त्यसैको दक्षिण पट्टि उत्तर फर्काएर बनाएको नेपाली वास्तुकलाको प्रतिनिधित्व गर्ने ईट्टाको गारो, ढुङ्गाको छानो भएको तीनतले भुईतल्ला ढलानको रुपमा रहेको सफासुघर एउटा घर छुट्टै आकर्षणको केन्द्र रहेको थियो । त्यसको एक तला माथि उत्तर फर्काएर राखिएको बुद्धको मूर्ति र त्यसलाई अनुप्राणित गराउने परिष्कृत भाषाभाषी भक्तिनी धर्मशिलाको मनमोहक शिष्टतापूर्ण सभ्य व्यवहारले एक पटक त्यहाँ पुगेका जो कोहिलाइ नलट्याइ छाड्दैनथ्यो ।

भर्खर राणा शासनको उकुसमुकुर वातावरणबाट मुक्त भएका चेतनशील पोखरेलीहरु भक्तिनी धर्मशिला रहेकी त्यही बुद्ध विहार तिर आइरहेका र त्यहाँबाट साँझ पख आ-आफ्ना घरतिर फर्किरहेका दृश्य म जस्ता जिज्ञासुका लागि कौतूहल पूर्ण थियो । बडा हाकिम पूर्ण सिंह र उनकी श्रीमती पनि त्यहाँ आउने जाने गरेको देखिन्थ्यो । पं. ऋषिकेशव, पं. मुक्तिनाथ, समाजसेवी सन्त सुन्दर प्रसाद मर्सानी, नेता मीन बहादुर गुरुङ्ग, श्रीभद्र शर्मा, श्रीकान्त अधिकारी र पोखरा वरपरका सबै जसो चेतनशील व्यक्तित्व त्यहाँ पुग्थे । हालका भिक्षु सुभद्र तत्कालीन जि.मु. जयलाल, तत्कालीन प्रेमचैतन्य ब्रम्हचारीसँगै त्यहाँ देखिन्थे । अमृत प्रसाद शेरचन, श्याम प्रसाद कर्माचार्य र मैले नाम थाहा नपाएका धेरै पुरुष र मीताप्रजु, अमृतशीला तफ्या, यशोमती आदि धेरै महिलाहरुको उपस्थिति त्यहाँ भइरहन्थ्यो । प्रेमराज मुल्मी र चित्र बहादुर थकाली जस्ता तत्कालका प्रखर विचारक र रामबहादुर बडगामी, भक्तराज मुल्मी, मथुरा वजिमय, प्रेमलाल श्रेष्ठ आदि नेपाली कांग्रेसका कार्यकर्ता जो तत्काल सक्रिय देखिन्थे र प्रजातान्त्रिक आन्दोलनमा शुरुमै आएका थिए उनीहरुपनि त्यहाँ आकल झुकल देखिन्थे । समेटेर भन्नु पर्दा चेतनाको दियो बाल्ने, जागरणको सिठो सल्काउने र विश्व मानवतावादी संस्कृतिको बीजारोपणको थलो जस्तो थियो त्यो बुद्ध विहार । जो अन्धविश्वासी पछौटेपनलाई पन्छाएर सामाजिक रुपान्तरणको दिशामा जनतालाई मार्ग प्रदर्शन गर्ने प्रत्येक पोखराली आन्दोलन र अभियानमा आफूलाई आधार भूमि बनाउन चाहन्थ्यो । त्यहीबुद्ध विहारको आधारशिला थिइन् धर्मशिला अनगारिका ।

धर्मशिलाको बहुआयामिक व्यक्तित्व थियो । धार्मिक, सामाजिक, राजनैतिक आदि जुन कोणबाट हेर्दा पनि सौम्यशीलन, शिष्टतापूर्ण, व्यवहारिकताका कारण उनमा भएका कमजोरी कहिल्यै पनि देखा पर्दैनथे । उनीमात्र कहाँ ! उनको सम्पर्कमा आएका सबै शालीन देखिन्थे । उनको बैठके कुकुर पनि निकै सभ्य र शालीन लागेको थियो मेरो अनुभवमा । उनी नपच्याईदो गरी हास परिहास पटु पनि हुन्, समय सुहाउँदो रमाइलो गर्ने उनको कुशलताबाट म प्रभावित छु । मैले भक्तिनी धर्मशिलाको जीवनका सबैपक्षमा प्रकाश पार्न सक्तिन । म शैक्षिक गतिविधिसँग सम्बन्धित भएर २०१४ साल असारमा मात्र प्रत्यक्ष परिचय र सम्पर्कमा पुगेको थिएँ । त्यतिवेला स्थापित कन्या विद्यालयमा विद्यार्थी सख्या बढाउने कुरा थियो । विद्यालय नारायण स्थानको चौतारामा र पौवामा चलाइन्थ्यो । भवन त के जग्गा पनि उपलब्ध थिएन । भक्तिनी यसैको सञ्चालन र व्यवस्थापनमा सक्रिय थिइन् । प्रत्येक भेटमा कन्या विद्यालयकै कुरा चल्थ्यो । प्रधानाध्यापिका किशोरी श्रेष्ठ र उर्मिला पन्तका बीचको खटपट, केटीहरुलाई पढाउनै हुन्न भन्ने कुसंस्कार, कन्या विद्यालय पब्लिक हाइस्कूललाई कमजोर बनाउने कदम हो भन्ने संकीर्णता भौतिक आवश्यकता पूर्ण गर्ने स्रोत साधनको अभाव आदि अनेक समस्यासँग संघर्ष गर्दै हितैषी चेतनशील नरनारीको सहयोग संकलन गर्दै सडक देखि राजदरवारसम्म आफ्नो भागेको विस्कुन हालेर प्रस्तावित कन्या विद्यालयलाई श्री ५ रत्नराज्यलक्ष्मी कन्या माध्यमिक विद्यालयको

रुपमा ठड्याउन भक्तिनी धर्मशिलाले अथक प्रयास र विशेष योगदान गरेकी हुन् । २०१४ असार देखि २०१६ ३ १६ सम्म स-सचिव २०१६ ३ १७ देखि २०१८ ७ १४ सम्म सचिव, २०१८ ७ १५ देखि २०२२ ३ २६ सम्म सदस्य भई आठ वर्ष सम्म अविच्छिन्न विद्यालय सञ्चालक समितिमा रहेर काम गरेको अभिलेख अविस्मरणीय छ । भक्तिनी धर्मशिलाको निर्वाणयात्रा, पोखरामा भएका अन्य शव यात्राभन्दा फरक थियो । बुद्ध मार्गीसंगै सबैवर्ग, क्षेत्र र जात जातिका नरनारी, शिक्षक, शिक्षिका, छात्र छात्रा र विभिन्न व्यवसायमा लागेका व्यक्ति सम्मिलित भव्य जुलुसले भजनकिर्तन सहित पोखरा नगर परिक्रमा गरी स्थानिय तुलसीघाटमा भौतिक देहलाई अग्नि समर्पित गरी विसर्जन गरिएको थियो ।

बुद्ध विहार परिवारले उहाँको चिरस्थायी स्मृति कायम राख्न पोखरा नदीपुर स्थित बुद्ध विहारलाई धर्मशिला बुद्ध विहार नामाकरण गरी सम्मान गरेको छ ।

धर्मशिला बुद्ध विहारमा उहाँको प्रतिमा स्थापना गर्ने कार्य पनि सु-सम्पन्न भैसकेको छ र धर्मशिला विद्वतवृत्ति सञ्चालन गर्ने उद्देश्य राखेर अक्षयकोष खडा गर्ने निर्णय भएको कुरा पनि जानकारीमा आएको छ । विद्वतवृत्ति सञ्चालन भएपछि थप अध्ययन अनुसन्धान कार्यमा जुट्न चाहनेलाई आवश्यक रकमका साथै प्रेरणा समेत प्राप्त हुने हुँदा यस्तो कदम सह्रानीय र अनुकरणीय समेत देखिन्छ ।

धर्मशिला जस्ता निष्काम कार्ययोगी, समाजसेवी एक पटक चिनेर चिनिदैनन् । एउटा प्रसङ्गमा व्यहोरेर बुझिदैनन् । एक पत्रमा पढेर सकिदैनन् । चारै कोणबाट खोतलेर हेर्नु पर्छ, बुझ्नु पर्छ, केस्रा केलाएर चिन्नु पर्छ । यो निर्विवाद छ । हामीले धर्मशिला बारे थोरै मात्र जानेका छौं । धेरै जान्न बाँकी छ र भन्न, लेख्न त झन धेरै बाँकी छ । प्रार्थना छ । विद्वतवर्गको ध्यानदृष्टि यता पनि पुगोस् ! सर्वत्र सबैको कल्याण हवोस !

२०५९ दीपावली ।

**अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्यतिथिको उपलक्ष्यमा**

उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा

स्थापित धर्मशिला विद्वत वृत्ति प्राप्त गर्नुहुने काठमाण्डौं

*बुद्ध विहारका भिक्षु कोण्डन्यलाई*

हार्दिक बधाई ज्ञापन गर्दछु ।



**सन्त कुमारी बुद्धाचार्य**

मोहरीया टोल


**अनगारिका धर्मशिलाको १६औं पूण्यतिथिमा गुरुमाको**

**हार्दिक स्मरण गर्दै उहाँको स्मृतिमा संस्थापित**

**धर्मशिला विद्वत वृत्ति**

पहिलो पटक प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्य** लाई

हार्दिक शुभकामना ज्ञपन गर्दछु ।



**सुन पुतली बुद्धाचार्य**

मोहरीया टोल

# बुद्ध धर्ममा देखा परेको त्रियान

☐ लोकबहादुर शाक्य

बुद्धको समयमा सम्प्रदाय थिएन । बुद्धको निर्वाण पछि बौद्ध विद्वानहरुले बुद्ध धर्मलाई गहिरो अध्ययन, चिन्तन, मनन तथा अनुसन्धान गरेर मानवको क्षमताको विचार गरी विभिन्न परिस्थितिमा बुद्ध धर्म दर्शनमा मूल रुपमा श्रावकयान, महायान, वज्रयान सम्प्रदाय सिर्जना गरिएको पाइन्छ । तर गम्भीर रुपमा विचार गर्नु पर्ने कुरा के हो भने विभिन्न यान देखा परेपनि चतुरार्य सत्य, अष्टाङ्गिक मार्ग, प्रतित्यसमुत्पाद, चतुर्ब्रम्ह विहार, दशपारमिता, सप्तत्रिंशत सम्बोधि पाक्षिका जस्ता मौलिक बुद्ध धर्मका सूत्रवद्ध दर्शनहरु तीनै यानबाट मानि आएको थियो । तर अवलम्बन गर्ने बाटाहरु फरक देखिएका छन् । नव सूत्र मध्येको एक सद्धर्मपुण्डरीक सूत्रमा त विभिन्न सम्प्रदायलाई गोरुबाट चलाउने रथ, बोकाबाट चलाउने रथ, मृगबाट चलाउने रथको रुपमा यानहरु अलग भएपनि गन्तव्य स्थल उही भएको कुरा उल्लेख भएको मनन योग्य छ । हुन पनि मानवको मस्तिष्क एकै स्तरको नहुने हुँदा व्यावहारिक रुपले मानवको क्षमता र परिस्थिति विचार गरी समय अनुकूल युग सुहाउदो तरिका अपनाउन नसके धर्मलाई गतिशील तुल्याई अग्रसर गराइ राख्न नसक्ने हुन्छ । धर्म र संस्कृति अलग अलग व्याख्या गरिए पनि संस्कृतिद्वारा धर्मलाई जोगाई राखेको उदाहरण प्रत्यक्ष पाईन्छ । समय अनुसार संस्कृति अनुरुप परिमार्जित र विकास हुँदै विभिन्न यानको रुपमा देखा परेको छ । अझ चिन्तन मनन गरेर अध्ययन गर्दा उपरोक्त तीन यानको विकास नभएको भए वर्तमान युगमा बुद्ध धर्म र दर्शन विश्वमा यस्तो गतिले प्रचार प्रसार हुन सक्ने थिएन होला । पहिले बुद्धलाई एसियाको प्रकाश मात्र भन्ने प्रचलन थियो । अबत विश्वमा यत्रतत्र अशान्ति, वादविवाद हुँदा बुद्धको शान्ति सन्देश सम्झने परिपाटी बसेको गौरवको कुरा हो, संयुक्त राष्ट्र संघको महासचिव श्री उ थान्तको प्रयासबाट लुम्बिनी गुरु योजना तयार भै कार्यान्वयन भएको मात्र होइन सन् २००० सालमा आएर संयुक्त राष्ट्र संघले बुद्ध जयन्तीको अवसरमा उनको सम्मानमा आफ्नो कार्यालय बिदा गर्ने समेत घोषणा गरी सकेको हुँदा बुद्ध विश्व महामानव सिद्ध भएको छ । अब यहाँ ती तै यानको संक्षिप्त परिचय उल्लेख गर्न सामयिक देखिन्छ ।

**श्रावक यान**

सिद्धार्थ बुद्ध हुनु भए पछि सर्व प्रथम सारनाथ मृगदावनमा पंच भद्र वर्गीयलाई चतुरार्य सत्य (दुःख सत्य, दुःख समुदयसत्य, दुःखनिरोध सत्य र दुःख निरोध मार्ग सत्य) को धर्मचक्र प्रवर्तन गर्नु भएको धर्म दर्शनलाई श्रावकयान भनेर मानि आएको पाइन्छ । शुरुमा आध्यात्मिक स्तर फराकिलो नहुने हुँदा धर्म चित्र तिर अग्रसर हुन पनि कुनै न कुनै आकांक्षा जाग्नु अस्वाभाविक छैन । उपलब्ध दृष्टिकोणले श्रोतापत्ति, सकृदागामी, अनागामी, अर्हत पद प्राप्त गर्ने लक्ष्य राखेर क्लेश अन्त गरी निर्वाण प्राप्त गर्ने श्रावकयानको मनसाय बुझिन्छ, यस सम्प्रदायको मूल ग्रन्थ त्रिपिटक हो र रथको चार पाङ्ग्रा कहलिएका भिक्षु भिक्षुणी, उपासक उपासिकाहरुले आ-आफ्नो विनय नियम शील पालन गर्न अनिवार्य गरिएको छ । श्रावण यानलाई थेरवाद भन्ने पनि गरिन्छ ।

**महायान**

मृगदावनमा प्रथम धर्म चक्र प्रवर्तन गर्नु भए पछि बुद्धले गाउँ गाउँ, नगर नगरमा भ्रमण गरेर बुद्ध धर्म दर्शन प्रचार गर्नु भएको छ वर्ष भित्र हजारौं भिक्षु अर्हत समेत भए पछि धर्मद्वारा जन चेतना जागृत गरी तत्कालीन समाजमा विद्यमान अन्ध विश्वासलाई निर्मूल गर्दै लोककल्याणकारी कार्यक्रम तदारुकता साथ सञ्चालनको निम्ति राजगृह स्थित गृद्धकुट पर्वतमा हजारौं अर्हतहरुलाई सम्बोधन गरी द्वितीय धर्म चक्र

प्रवर्तन गर्नु भएकोलाई महायान भन्ने प्रचलन देखिन्छ । उक्त बुद्धोपदेशमा "चरथ भिक्खवे चारिका ........" अनुरुप अर्हत भिक्षुहरुलाई घर घरमा गएर बुद्ध धर्म प्रचार गर्ने विशेष निर्देशन दिएको पाइन्छ । यस विशाल सिद्धान्त अनुरुप निर्वाण पथ तिर चर्या गरिरहेपनि व्यवहारमा अहंकार, सेखी, घमण्डी, तामसी, ममकारको भावना नराखी आफू मात्रै तरेर जाने आकांक्षा समेत नलिई अनुपलब्ध दृष्टिकोणले प्राणीहरुको उद्धार गर्न वोधिसत्वको रुपमा सकल प्राणीलाई उद्धार गर्ने महायानको मनसाय भयो । कैयौं वोधिसत्वहरुले आफ्नो ज्यानको पनि पर्वाह नगरी परोपकार गरि आएको उदाहरणहरु बौद्ध ग्रन्थमा पाइन्छ । "बुद्धोभवेयम जगता हिताय" श्लोक अनुसार सिद्धार्थ आफू तरेर जाने उद्देश्यले बुद्ध हुनु भएको नभै लोक कल्याणको निम्ति बुद्ध हुनु भएको कुरा स्पष्ट वोध गर्न सकिन्छ । महायानीहरु वोधिसत्व भावनाद्वारा दान, शील, क्षान्ती, वीर्य, ध्यान, प्रज्ञारुपी षट्पारमिता चर्या गरेर क्लेशावरणबाट मात्र होइन, ज्ञेयावरणबाट पनि पार हुने लक्ष्य लिएको पाइन्छ । यस सम्प्रदायको मूल ग्रन्थ प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमीश्वर, समाधिराज, लंकावतार, सद्धर्मपुण्डरीक, तथागत गुह्यक, ललितविस्तार, सुवर्ण प्रभासोत्तम रुपी नव ग्रन्थ हुन् ।

**वज्रयान**

प्राणी मध्ये सर्व श्रेष्ठ कहलिएका मनुष्य जीवन सफलतापूर्वक निर्वाहको निम्ति भौतिक विकासको साथै आध्यात्मिक विकास नभै हुँदैन । आध्यात्मिक विकासको क्रममा विभिन्न धर्मको प्रादुर्भाव भयो, धर्म संरक्षण गरिराख्न संस्कृति तथा आर्थिक विकास पनि आवश्यक देखिन्छ । धार्मिक कार्यक्रम पनि मानवको चाहना, परिस्थिति तथा समय सुहाउँदो तरिकाले विकास गर्न सके दिगो राख्न सकिन्छ । बुद्धले देशना गर्नु भएको चतुरार्य सत्य, अष्टाङ्गिक मार्ग, चतुर ब्रम्ह विहार, प्रतीत्य समुत्पाद जस्ता मौलिक सिद्धान्तको आधारमा प्रकाण्ड बौद्ध विद्वानहरुले ध्यानको माध्यमबाट अथक प्रयास गरी कार्यक्रम परिमार्जित गर्दै प्रगतिशील विचार धारा भएको वज्रयान प्रादुर्भाव भएको पाईन्छ । हुन त आन्ध्र प्रदेश स्थित धान्यकूट पर्वतमा ऋद्धि बल विषय तीक्ष्ण इन्द्रिय भई पुण्यसम्भार युक्त उच्च स्तरका बौद्धहरुलाई बुद्धले देशना गर्नु भएको धर्म दर्शनलाई वज्रयान भन्ने प्रचलन भएपनि महायान धर्म दर्शनमा तन्त्रयान मन्त्रयान समावेश गरेर वज्रयान प्रादुर्भाव भएको पाइन्छ ।

स्वय प्रज्ञावान नभैकन वैराग्य भावना उत्पन हुने छैन । वैरागचित्त नभैकन भिक्षु भएर सार छैन । चित्तलाई वज्रसमान दृढ गरेर प्रज्ञा मूर्तिद्वारा प्रेरणा लिई वैज्ञानिक प्रयोगशाला अनुरुप अनेक सरसामान साधन जोरेर पूजा-पाठ, अध्ययन, ध्यान, जपव्रतको माध्यमबाट मजवुतिसाथ चर्यामा लागेर गृहस्थी भएर पनि यही जीवनमा महामुद्रा सिद्धि (बुद्धत्व) प्राप्त गर्ने वज्रयानको मनसाय भएको पाइन्छ । यस सिद्धान्तको प्रमाण स्वरुप चौरासी महासिद्धहरुको जीवनीबाट प्रष्ट हुन्छ । यसको मूल आधार समानता, सर्वप्रकारले जगतहित र धर्म समन्वयमा जोड दिइएकोछ र यथार्थ प्रकृतिलाई बढि महत्व दिइएको छ । वज्रयान बौद्ध तन्त्रमा देखा परेको देवदेवीहरु काल्पनिक रुपान्तर प्रज्ञामूर्ति मात्र हो । निश्चिय पनि वज्रयान सम्प्रदायको माध्यमबाट मूर्तिकला, शिल्पकला, धातुकला, चित्रकला, संगीतकला, नृत्यकला, ज्योतिषशास्त्र, आयुर्वेद आदि विद्या विकसित भै हजारौं मानिसलाई सम्यक आजीव अनुरुप रोजगारी प्राप्त भएको साथै बौद्ध संस्कृति तथा कलाको विकासबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा अभिवृद्धि भै पर्यटकहरुलाई पनि सुप्रभाव परिरहेको प्रत्यक्ष देखिएको छ । यहाँको कतिपय संस्कृति तथा कला विश्व सांस्कृतिक सम्पदाको लगतमा दर्ता भै सकेको कुरा स्मरणीय छ । वज्रयान सम्प्रदायको मूल दीक्षा सप्तत्रिंशत समबोधि पाक्षिका (स्मृत्युप्रस्थान-४, सम्प्रहाण-४, ऋद्धिपाद-४, इन्द्रिय-५, वल-५, वोध्यङ्ग-७, आर्याष्टाङ्ग मार्ग-८) मा आधारित छ । वज्रयानीहरुले सप्तत्रिंशत सम्बोधि पाक्षिकाको अक्षर बीजाक्षर गरी एक एक शब्दको एक एक देवता सृजना गरेको हो । मूल चक्र सम्बर वज्रवाराही तथा अरु छतिस सम्बरको नामले प्रख्यात छ ।

## उपसंहार

वर्तमान विश्वको बौद्ध गतिविधि अध्ययन गर्दा कतै थेरवाद तथा कतै महायान वज्रयान बौद्ध धर्म प्रचलनमा रहेको पाईन्छ । यी तीनै सम्प्रदायको माध्यमबाट एशियामा मात्र होइन यूरोप अमेरिकामा समेत बुद्ध धर्म प्रचार प्रसारमा महत्वपूर्ण भूमिका रहेको देखिन्छ । काठमाण्डौ उपत्यकाको परम्परागत बौद्ध संस्कृति र कलापूर्ण विहार बहिहरुमा तीनै यानको संचालन भइरहेको पाईन्छ । बुद्ध धर्ममा श्रावकयान जड हो । महायान अमूल्य गम्भीर बुद्ध धर्म दर्शनको सूत्र हो भने वज्रयान व्यवहारमा चर्या गर्ने साधनाको भण्डार हो । थेरवाद तर्फ प्रशस्त बौद्ध प्रकाशन तथा साहित्य छ भने महायान वज्रयान तर्फ सम्बन्धित विहारमा सुनको अक्षरबाट लेखिएको बौद्ध ग्रन्थ समेत देखिन्छ । उस बेलाका काठमाण्डौ स्थित ब्रिटिश लिगेसनका श्री हड्सन समेतले ३८१ थेलि महायान वज्रयान बौद्ध ग्रन्थहरु संकलन गरेर विश्वका सात नामुद विश्व विद्यालय र संघ संस्थालाई वितरण गरिएको हुँदा विभिन्न भाषामा महायान वज्रयान बौद्ध ग्रन्थहरु उपलब्ध छन् । वज्रयानको देनबाट विकसित कला, ज्योतिष शास्त्र, वैद्यको काम, नृत्य, संगीतको माध्यमबाट सम्यक आजीबको निम्ति राम्रो आधार मिलेको पनि पाईन्छ ।

नेपालको वर्तमान बौद्ध गतिविधि तर्फ चिन्तन मनन गर्दा यथार्थमा तीनै सम्प्रदायमा विकृति विसंगति छैन भन्न सकिदैन । श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको लेख अनुसार "आज भोली खूब चर्चा हुने गर्छ धर्म प्रचारक भिक्षु भिक्षुणीहरुको आचरण ठीक भएन । लोभ, लालच र लाभ, सत्कारमा आसक्त भएको छ । यो त ठीकै कुरो हो । यसको सगै दोष भिक्षुहरुको मात्र होइन दाताहरुको पनि हो" भन्ने सत्य तथ्यबाट विकृति हावी रहेको कुरा छर्लङ्ग हुन्छ । लोटस रिसर्च सेन्टरद्वारा वि.सं. २०५६-११-१४ मा आयोजित एक गोष्ठीमा डा. भद्ररत्न वज्राचार्यले "पूर्व मध्यकालिन नेपाल मण्डलमा बुद्ध धर्म एक अध्ययन" विषयको कार्यपत्र प्रस्तुत गर्नु भएकोमा "यथार्थरुपमा भन्ने हो भने वज्रयान महायान चर्या अनुरुप जीवन शैली निर्वाह गर्ने पूर्व मध्यकालिन परम्परा बौद्ध समाजबाट विस्तारै लोप भएर गयो" भनेर उल्लेख गर्नु भएबाट पनि आजको धार्मिक क्षेत्रमा विसगति भइरहेको स्पष्ट देखिन्छ ।

बुद्ध धर्म अनीश्वरवाद र अनात्मवादमा आधारित भएता पनि नेपालका धेरै जसो बौद्धहरु व्यवहार मा ईश्वरवादी देखिएका छन् । कोही मुखले अनीश्वरवादी भएपनि गुणात्मक देवता विषय बौद्ध दृष्टिकोण अनभिज्ञ हुँदा विभिन्न देवताहरुको अस्तित्व मानेको पाईन्छ भने कतिपय बौद्धहरुमा अलौकिकतामा विश्वास, चमत्कारीमा, अन्धविश्वास तथा अन्ध श्रद्धा गर्नेहरु पनि यथेष्ट संख्यामा भेटिन्छन् । यसबाट नराम्रो असर परिरहेको छ भन्न कर लाग्दछ । सबभन्दा विडम्बना त शील समाधि पालन नगर्नु र यथावादी तथाकारी नहुनु हो । अझै पनि विद्यमान जातपात, लिङ्ग, सम्प्रदाय भेदभावको वातावरणबाट बुद्ध धर्म र दर्शनलाई हाँक भइरहेको छ भन्नु कर लाग्दछ । वज्रयानमा देखापरेको धर्म समन्वय भावनालाई उपरोक्त त्रियानका बौद्धहरुले आचरण गरी तमाम बौद्धहरु एक ढिक्का हुनु मात्र होइन, विश्वका सबै धर्मावलम्वीहरु सित पनि धर्म समन्वयको भावना अनुशरण गरी मैत्री भावना विकसित गरेर विश्व शान्तिको निम्ति टेवादिन सक्नु परेको छ । अतः बुद्ध धर्म र दर्शन विषय वर्तमान अवस्थामा देखापरेका उपरोक्त विकृति र विसंगतिलाई ठम्याई क्रमशः सुधार गरेर सच्चा बौद्ध हुनुको निम्ति योजनावद्ध रुपले पाइला चाल्न सक्नु नै नेपाली बौद्धको अस्मिता सुरक्षित गर्नु हुने छ । अस्तु ।

❖❖❖

## बुद्धको उपदेश फैलाउने उपयुक्त बेला

बलि प्रथा लगायतका हत्या, हिंसा र आतङ्कको घटनाबाट मानिस यत्ति आत्तिएका छन् कि अब सबैले अहिंसा, शान्ति र भगवान बुद्धलाई सम्झन थालेका छन् । बुद्धका शान्ति, मैत्री र करुणाको उपदेश फैलाउने यो एक उपयुक्त **बेला हो ।**

# प्राचीन अन्तर्राष्ट्रिय बौद्ध शिक्षा केन्द्र नालन्दा विश्व विद्यालय

❑ रत्न सुन्दर शाक्य

विश्वका प्राचीन विश्व विद्यालयहरुमा भारतको विहार प्रदेशस्थित नालन्दा विश्व विद्यालय आद्वितीय मानिन्छ । हाल प्राचीन भाग्नावशेष को रुपमा रहेको यस विश्व विद्यालयको जीवितकालीन इतिहास बारे केही चर्चा गर्न चाहन्छु ।

नालन्दा, बुद्धका एक अग्रश्रावक सारिपुत्र महास्थविरको जन्मस्थल, जुन त्यसताका एक समृद्ध एवं बहुजनाकीर्ण (धेरै जनसंख्या भएको) नगर थियो । यसै नगरका एक प्रमुख व्यापारी उपालि-भगवान बुद्धका एक प्रमुख उपासक हुन आएको थियो । यस नगर राजगृहको एक वैभवशाली उपनगर मानिएबाट पनि बुद्धकालमा नालन्दाको चहलपहल बारे अनुमान गर्न सकिन्छ ।

बुद्धकालमा उहाँ लगायत महावीर (निर्ग्रन्थ नाथपुत्र) पनि समय-समयमा चारिका गर्न आउने यस नालन्दा नगर पनि श्रद्धालुहरुको पवित्र स्थान हुन आएको फलस्वरुप पछि प्रायः बौद्ध धर्मावलम्बीहरुको आवागमन अटूट रुपमा हुँदै आएको थियो ।

सम्राट अशोक स्वयं आफ्ना गुरुवर उपगुप्त भिक्षुका साथ नालन्दा आउनु भई भिक्षुसंघको निमित्त एक विहार निर्माण गरि दिनु भएको थियो । उहाँले नालन्दामा निर्मित सारिपुत्र चैत्यको पूजा गरेको कुरा तिब्बती इतिहासकार लामा तारानाथले उल्लेख गर्नु भएको छ ।

सम्राट अशोकले यात्रा गर्नु भएको केही शताब्दी पछि नै नालन्दाको प्रतिष्ठा केही घट्दै गएको बुझिन्छ । ईसाको चौथो शताब्दीको अन्तिम दशकमा भारतमा तीर्थयात्रा गर्न आउनु भएका चिनीयाँ यात्री फाहियानले नालन्दाको बारेमा केही उल्लेख गर्नु भएन । यसको अर्थ यो कदापि होइन कि त्यसताका नालन्दाको कुनै अस्तित्व बाँकी थिएन । फाहियानको मौलता सिर्फ पछि विकशित भएको बृहत शिक्षा केन्द्र त्यसताका त्यति प्रतिष्ठित हुन नसकेकोले मात्र थियो । अन्यथा बुद्धद्वारा विचरीत स्थान सारिपुत्र चैत्य रहेको स्थान गुमनाम हुनु त सम्भवै थिएन किनकी फाहियान पश्चात सातौं शताब्दीमा बौद्ध तीर्थ भ्रमण गर्न आउनु भएका हुयन-साङ्ग (यु-आन-च्वाङ्ग) ले नालन्दाको वैभव एवं अन्तर्राष्ट्रिय बौद्ध शिक्षा केन्द्रको रुपमा ख्याति पाइसकेको कुरा एवं त्यहाँको गतिविधि बारे आफ्नो जीवन वृतान्तमा स्पष्ट उल्लेख गर्नु भएको पाइन्छ ।

यस अवधि (चौथो-सातौं शताब्दी) भित्रमा नालन्दा विश्व विद्यालय (अन्तर्राष्ट्रिय शिक्षा केन्द्र) स्थापना भइसकेर पनि समुन्नत अवस्थामा पुगिसकेको थियो । अतः यसको स्थापना फहियानको यात्रा (सन् ३९९-४१४) पश्चात् सन् ४२५ तिर मगधका गुप्त सम्राट शक्रादित्यले गरेको मानिन्छ, जो पछि भिक्षु हुनु भएको थियो । भिक्षु हुनुभएपछि उहाँ कुमारगुप्त नामले प्रख्यात हुनुभयो । उहाँले शुरुमा शिक्षा केन्द्रको रुपमा एक विहार र एक सानो ग्रन्थालयबाट शुभारम्भ गर्नु भएको थियो । पछि आएर उहाँको यस पुनित कार्यलाई उहाँका उत्तराधिकारीहरुले क्रमशः समुन्नत गर्दै लगे । जसमा प्रमुखत शक्रदित्यका पुत्र बुद्धगुप्त तथागत गुप्त, बालादित्य, वज्र र मध्यप्रदेशका एक राजाले पनि नालन्दामा शिक्षाको अति उत्तम प्रवन्धको निमित्त अलग्ग अलग्ग भव्य भवन (महाविहार) हरु समेत बनाइएका थिए । उक्त भवनहरु निकै विशाल एवं गगनचुम्बी रहेको कुरा हुइन-साङ्गले आफ्नो जीवन यात्रामा उल्लेख गर्नु भएको छ । उहाँले उल्लेख गर्नु भएको छ कि नालन्दाका ती भवनहरबाट मेघ गर्जन एवं चट्याङ्ग पर्ने बेलाको स्थिति हेर्ने बेलामा जोसुकैलाई पनि आनन्द हुन्थ्यो । अर्थात निकै उचाईको कारण चारैतर्फको दृश्य स्पष्ट देखिन्थ्यो ।

नालन्दाको खण्डहर (भग्नावशेष) मा देखिने प्राप्त ईटा एवं ६-१२ फिट चौडाईको गाह्रो भएबाट

त्यसको अनुमान गर्न सकिन्छ । साथै भग्नावशेषमा देखिने चौडा र पक्की सिढिंहरुबाट पनि त्यसताका भवनहरु निकै अग्ला हुन सक्ने कुरामा शंका हुदैन ।

यस्ता भवनहरुबाट सम्पन्न उक्त नालन्दा विश्वविद्यालयमा त्यसताका (हुयन साङ्गको पालामा) १० हजार विद्यार्थीहरु र १५०० प्राध्यापकहरु रहेको कुरा पनि हुयन साङ्गले उल्लेख गरेका छन् । १५०० प्राध्यापकहरुमा एक हजार प्राध्यापकहरु २० प्रकारका सूत्र र शास्त्रग्रन्थका पारदर्शी ज्ञाता (व्याख्याता) थिए त ५०० प्राध्यापकहरु ३० प्रकारका सूत्र र शास्त्र ग्रन्थका पण्डित (ज्ञाता) थिए । यसको अतिरिक्त, अन्य १० जना यस्ता महापण्डितहरु थिए जसले ५० प्रकारका सूत्र र शास्त्र ग्रन्थका व्याख्यान दिन सक्थे । उहाँहरु सबै भन्दा विशिष्ट सम्पूर्ण ग्रन्थका ज्ञाता भिक्षु शीलभद्र महास्थविर नालन्दा विश्वविद्यालयका कुलपति हुनुहुन्थ्यो ।

यस प्रकार नालन्दा विश्व विद्यालयको विद्यार्थीहरुको र प्राध्यापकहरुको सङ्ख्याबाट पनि उक्त विश्वविद्यालयको विशालता, त्यहाँको पठन-पाठन एवं अन्य पुस्तकालय बारे सजिलै अनुमान गर्न सकिन्छ ।

नालन्दा - बौद्ध विश्वविद्यालय हुनाको कारण प्रमुखत त्यहाँ बौद्ध, दर्शन, कला, इतिहास आदि बारे अध्ययन अध्यापनको व्यवस्था पूर्ण रुपमा थियो । त्यसको साथै ब्राम्हण तथा अन्य धर्म दर्शनादि शास्त्रहरुको पनि उच्चतम अध्यापनको व्यवस्था थियो । तत्कालीन आयुर्वेद, विज्ञान, कला आदि विषयको पनि त्यहाँ उचित शिक्षाको प्रवन्ध थियो । त्यसको अतिरिक्त, हुयन -साङ्गले त्यहाँ शब्दविद्या (व्याकरण), विभिन्न शिल्प, चिकित्सा, ज्योतिष विद्याको पनि अध्ययन अध्यापनको व्यवस्था भएको कुरा उल्लेख गर्नु भएको छ ।

पठन-पाठनमा यति समुन्नत भएको नालन्दा विश्व विद्यालयको ख्याति त्यसताका सारा बौद्ध संसार मा विशेषत: एशिया भरमा व्याप्त भइरहेको थियो । अत: विभिन्न देशका उच्चस्तर मानिएका विद्यार्थीहरु नालन्दामा अध्ययनार्थ हजारौं कोषको यात्रा गरी, कयौं पहाड, नदीनाला पार गरी वन्य जन्तु एवं डाँकाहरुको हातबाट मुक्त भई बल्लतल्ल नालन्दा पुग्थे । तर अपसोच, नालन्दा पुग्दैमा सजिलै प्रवेश हुन सक्ने कुरा थिएन । प्रवेशको निमित्त प्रवेश द्वारमै अवस्थित द्वारापण्डित जो कयौं शास्त्रका ज्ञाता थिए, उनीहरुले सोधेका प्रश्नहरुको समुचित उत्तर दिन सके मात्र विश्व विद्यालयमा प्रवेश हुने अनुमति प्राप्त हुन्थ्यो । हुयन-साङ्गले त्यस्ता प्रवेशार्थी विद्यार्थीहरुमा १५ जनामा सिर्फ तीन जनालेमात्र प्रवेश पाउन सकेको कुरा उल्लेख गर्नु भएको छ ।

प्रवेश हुन जति गाह्रो थियो प्रवेश पछि उक्त विद्यार्थीको सम्पूर्ण समस्या हल हुने प्रवन्ध थियो । अध्यापनको निमित्त कुनै किसिमको शुल्क तिर्नु पर्दैनथ्यो । प्रत्येक विद्यार्थीको निमित्त निवास, भोजन, पुस्तकालय वस्त्र आदि सारा प्रबन्ध विश्वविद्यालयको तर्फबाट नै हुन्थ्यो । प्रत्येकलाई अध्ययन अध्यापनको अतिरिक्त, अन्य केहि चिन्ता लिनु नपर्ने किसिमले प्रबन्ध गरिएको थियो । हुयन-साङ्गले यहाँको उच्चतम प्रबन्धको सन्दर्भमा यहाँ सम्म उल्लेख गर्नुभएको छ कि त्यहाँको भोजनको प्रबन्ध नै राजाहरुले पाउने जस्तो थियो ।

नालन्दा विश्वविद्यालयलाई त्यसको निमित्त त्यस अनुरुप नै आर्थिक व्यवस्थाको प्रबन्ध राजाको तर्फबाट भइरहेको थियो र राज्यको तर्फबाट विश्वविद्यालयलाई १०० वटा गाउँको आय प्राप्त हुन्थ्यो । यो हुयन-साङ्गको समयको कुरा थियो त यसको ३५-४० वर्ष पछि आउन भएका चिनियाँ यात्री इत्सिंग (नालन्दामा अध्ययनार्थ रहनु भएको बेला) को समयमा विश्वविद्यालयको आय-ग्राम २०० पुऱ्याईएको थियो ।

**पुस्तकालयको सन्दर्भमा**

विश्वविद्यालयका भवनहरु धेरै अग्ला थिए, आचार्य (अध्यापक) हरुको पाण्डित्य धेरै गम्भीर थियो र विद्यार्थीहरुको संख्या विशाल एवं व्यापक (देश-विदेशका) रहेको थियो । यसको अन्दाजबाट नै पुस्तकालयको

विशालताको बारेमा सहजै अनुमान गर्न सकिन्छ । त्यसताकाको जमानामा नै तीन विशालतम भवनहरुका साथ सम्पन्न नालन्दा विश्व विद्यालयका ग्रन्थालय (पुस्तकालय) ले धेरै नै ख्याति पाएको थियो । "रत्नसार" "रत्नोदधि" र "रत्नरञ्जक" नामक ९ क्रमशः ७ तल्ले र ५ तल्लेका विशाल पुस्तकालय भवनहरुमा धर्म, दर्शन, ज्योतिष र तन्त्र आदि विषयका लाखौ ग्रन्थहरु उपयुक्त भवनहरुमा सजाई रोखेको थियो । दुर्लभ एवं महत्वपूर्ण ग्रन्थहरुको राम्रो र टिकाउ वस्त्रमा बेरी सुरक्षित गरिराखेको हुन्थ्यो । प्रायः ग्रन्थहरु पत्राकार हुनाको कारण माथि र तल काठको जिल्दा राखिएको हुन्थ्यो । यस्ता पत्राकार ग्रन्थहरु अद्यावधि नभएको होइन । नालन्दामा उपयुक्त तीन विशाल भवनहरुको अतिरिक्त अन्य स-साना कयौं पुस्तकालयहरु पनि थिए । जसको कारण ती पुस्तकालयहरु रहेको इलाकालाई नै धर्मगंज नामाकरण गरिएको थियो ।

नालन्दाको उपयुक्त ग्रन्थालयहरुमा प्रतिलिपि कर्ताहरुको पनि व्यवस्था गरिएको थियो । साधारण लेखहरुको अपेक्षा अनेकौं विद्वानहरुको दुर्लभ ग्रन्थहरुको यदि जीर्ण अवस्थामा रहेको भए तुरुन्त त्यसको प्रतिलिपि तयार गरिन्थ्यो । चिनियाँ यात्री हुयन-साङ, इत्सिंग आदि कयौं विदेशी विद्यार्थीहरु नालन्दामा अधिक रहनुको प्रमुख कारण नालन्दाको विशालतम पुस्तकालय पनि थियो । उहाँहरुले नालन्दाको अल्याख अमूल्य ग्रन्थहरु प्रतिलिपि गराई आ-आफ्नो देशमा लानुभएको थियो जसमा उपर्युक्त संस्कृतको हजारौं ग्रन्थहरु मध्ये एशिया, तिब्बत, चीन, नेपाल आदि देशहरुमा पुगेको थियो ।

हुयन साङ्गले मात्र (सन् ६२९ मा भारत पुगेका) डेढ-दुई दशक नालन्दामा अध्ययन अध्यापन गरी ती पुस्तकालयका ६५७ ग्रन्थहरुको प्रतिलिपि तयार गरी स्वदेश फर्कनु भएको थियो । त्यस्तै इत्सिंग जो चीनवाट प्रस्थान गरेको ३/४ वर्ष पछि सन् ७६५ मा नालन्दा आइपुग्नु भएको थियो - ले १० वर्ष नालन्दामा रही अध्ययन अध्यापन पश्चात पुस्तकालयवाट ५ लाख श्लोक बरावरको ४०० ग्रन्थहरुको प्रतिलिपिहरु लिएर सुमात्रा हुँदै स्वदेश फर्कनु भएको थियो ।

नालन्दाका प्रतिलिपिकारहरुले आ-आफूले उतारेका प्रतिलिपिमा आ-आफ्नो नामको अतिरिक्त तत्कालीन राजा एवं राजव्यवस्थाको बारेमा पनि केही न केही उल्लेख गर्ने गर्दथे । अतः नालन्दाको हस्तलिखित ग्रन्थहरुको कालवोध सजिलै सित थाहा पाउन सकिन्छ । उपयुक्त प्रतिलिपिहरु अहिल सम्म पनि रोयल एशियाटिक सोसाइटी, लण्डन र अक्सफोर्डका ग्रन्थालयहरुमा सुरक्षित छन् । ती प्रतिलिपिहरु विशेषतः पाल राजाहरुको समयको अधिक थियो ।

नालन्दा विश्वविद्यालय एवं नालन्दा ग्रन्थालयको ख्याति (पूर्ण विकास) हुनुका प्रमुख कारण त्यस विश्व विद्यालयलाई शताब्दीयौं देखि राजाहरुले नै अटूट प्रयास गरको फलस्वरुप थियो । त्यसको पूर्ण विकास गुप्तकाल पश्चात सम्राट हर्षवर्द्धन (हुयन साङ्ग कालीन) पालवंशीय राजाहरुको समयमा भएको थियो । तीनै राजाहरुको संरक्षणमा नालन्दा ज्ञानार्जनको प्रमुख केन्द्र भई देश देशान्तरमा फैलिएको थियो ।

नालन्दा विश्वविद्यालयलय एवं त्यहाँको ग्रन्थलाई भारतीय शासकहरुले मात्र टेवा दिएका थिएनन् । सुदूर पूर्वका राजा बालपुत्रदेव (सुमात्राका) ले समेत एक महाविहार निर्माण गरी त्यसको सञ्चालन एवं पोषणको निमित्त ५ वटा गाउँ समेत दान गरिएको उल्लेख त्यही नालन्दावाट प्राप्त देवपाल ताम्रलेखवाट स्पष्ट भइसकेको छ ।

नालन्दामा विभिन्न शिक्षालय भवनहरुका अतिरिक्त श्रद्धालुहरुको दर्शनार्थ कयौं स-साना देखि ठुलुला स्तूप एवं वुद्ध मूर्तिहरु रहेको कुरा विशेषतः चिनीयाँ (हुयन साङ्ग एवं इत्सिंग आदि) यात्रीहरुले उल्लेख गर्नु भएको छ । जसमा प्रमुखत सम्राट अशोकका अन्तिम वंशज राजा पूर्ण वर्माद्वारा निर्मित ८० फिट उचाई भएको बुद्ध मूर्ति हुयन साङ्गले देखेको वर्णन गरिएको छ । यस मूर्तिको साथै उहाँले ६ तल्लाको एउटा मन्दिर पनि निमाण गरेको थियो ।

त्यस नालन्दा विश्वविद्यालयमा रहेका भवनहरुमा ३०० फिट सम्मका भवनहरु पनि थिए । जुन राजा वालादित्यले निर्माण गराएका थिए त अन्य २०० फिट एवं १०० फिटका भवनहरु रहेको कुरा चिनीयाँ यात्रीहरुले उल्लेख गरेका छन् । सम्राट हर्षवर्द्धनले नालन्दाको चारै तर्फ अग्ला-अग्ला किल्लाहरु बनाउनको साथै विभिन्न विशालतम सिंहद्वारहरु (भवनहरुको अगाडि) पनि निर्माण गर्नुभएको थियो । जसको वर्णन इत्सिंगले गरेका छन् । नालन्दामा रहेका विभिन्न भवन माथि पुनः एक भवन बनाई राजा हर्षवर्द्धनले त्यसमा पित्तलले ढाक्न लगाउनु भएको थियो । नालन्दा विश्व विद्यालय एवं ग्रन्थालयको व्यवस्थाको निमित्त सम्राट हर्षवर्द्धनले पनि विशेष थप आर्थिक योगदान दिनु भएको उल्लेख छ ।

नालन्दामा त्यसताका ४ वटा दर्शनीय देवमन्दिरहरु पनि रहेको कुरा नालन्दाका अन्तिम तिब्बती विद्यार्थी धर्मस्वामिन्ले उल्लेख गरेका छन् । जो तर्क आक्रमणका प्रत्यक्षदर्शी थिए । ती देव-मन्दिरहरुमा अवस्थित देवहरु प्रति तत्कालीन जनताहरुको निकै श्रद्धा रहेको कुरा पनि उनले उल्लेख गरेका छन् । ती देवहरु हुन्- "वक्रग्रीवा" मञ्जुश्री, ज्ञाननाथ, आभूषण रहित" तारा र भगवान खसर्पण । यो वर्णन उनको जीवनीमा प्रकाशित थियो ।

रोचक कुरा छ, नालन्दामा तुर्क (मुसलमान) हरुद्वारा १२३६ मा अन्तिम आक्रमण गरिएको थियो, त्यसवेला धर्मस्वामिन्ले ज्ञाननाथको मन्दिरमा लुकी आफ्नो ज्यान बचाएका थिए । उनले नालन्दाका अन्तिम आचार्य राहुल श्रीभद्रका साथ कयौं वर्ष विताउनु भएको थियो ।

अफशोचको कुरा हो -पाँचौ शताब्दी देखि अविछिन्न रुपमा अन्तर्राष्ट्रिय विद्या केन्द्रको रुपमा बेजोड भूमिका निभाउदै आएको नालन्दा विश्वविद्यालयले १२औं शताब्दीको अन्तिम दशक देखि तुर्कहरुले पटक-पटक आक्रमण गरेबाट नालन्दा विश्वविद्यालयका सम्पूर्ण भवन, ग्रन्थालय, ग्रन्थालयका लाखौं ग्रन्थहरु, हजारौ विद्यार्थीहरु, सयौं शिक्षकहरु अधिकांश तरवारको धारमा परे । अन्य शेष व्यक्तिहरु आ-आफूले सके जतिको ग्रन्थहरु बचाई तिब्बत, नेपाल आदि स्थानमा शरण लिन पुगे । यस प्रकार भारतमा मुसलमानहरुको आक्रमणबाट बौद्ध-धर्म शताब्दीयौंको निमित्त लोप हुन गयो ।

अन्तमा, अतीतका यस गौरवमयी नालन्दा विश्वविद्यालयको गौरवगाथाको पुनः एक पटक महापण्डित राहुल सांकृत्यायन् (सन् १८९३-१९६३) को शब्दमा "मुझे तो ख्याल आता था, क्या नालन्दा विहारियोंका अक्सफोर्ड केम्ब्रिज नहीं बन सकता ? वह भी राजधानी पटना से उतनी ही दूर है, जितनी कि लण्डन से उक्त अक्सफोर्ड विद्यालय । उसके पीछे भी ७-८ शताब्दीयोंका अन्य इतिहास है । यदि इन्हे मिल्टन और स्पेंशर जैसे कवि, न्यूटन और डार्विन जैसे वैज्ञानिक तथा दार्शनिक पैदा करनेका अभिमान है, तो नालन्दाको भी दिङ्नाग, चन्द्र कीर्ति, धर्मकीर्ति और शान्तरक्षित जैसे अद्भूत दार्शनिक, चन्द्रगोमी जैसे महावैयाकरण, सरहपाद, भूसुक जैसे हिन्दीके कवि पैदा करनेका सौभाग्य प्राप्त है । यदि आज दुनियाँके कोने-कोने से इन विश्वविद्यालयों मे विद्यार्थी आते है, तो किसी समय नालन्दा मे भी ईरान, मध्यएशिया, चीन और कोरिया, चम्पा और कम्बोडिया, जावा और सुमात्रा, बर्मा और श्रीलका के विद्यार्थी पढ्ने आते थे । यदि केम्ब्रिज और अक्सफोर्ड अपने तीन सौ वर्ष पुराने मेजों, चार सौ वर्ष पुराने चूल्हो, सात सौ वर्ष पुरानी दिवारों और दरवाजोंको दिखलाकर, उस समयको जीवन्त चित्र हमारे सामने रख सकते है, तो नालन्दा भी छठी सदीकी दिवारों औ द्वारौ, आठवी सदीके कूओं सातवी और नवौं सदी के ताम्रपत्रौं, हजार वर्ष पुराने चूल्हों, नाना मूर्तियो और स्तूपों तथा पुराने अचार्यो मे से किन्ही किन्हीको हड्यिों तकको हमारे सम्मुख रखकर हमारे इतिहासको क्या सजीव नही दिखा सकता ? दर - असल उन विश्व विद्यालयोंको देखते समय क्षण-क्षण में मेरा मन, शरीरको इङ्गलैण्ड में छोडकर, नालन्दामे पहुच जाता था ।"

❖❖❖

# हिजो आजका कुरा

❑ साथीमाधव-पोखरा

भगवानलाई मान मर्यादा देखि दान दक्षीणा सम्म हाता हाति चाहिन्छ तर उनले दिने कुरा जति सबै उधारोमा पनि माहा उधारो - मरे पछि दिने कुरा गरिन्छ। यस किसिमको उधारो कारोवार गर्दा धेरैको लगानी डुवेको हुनुपर्छ भने कति इच्छा तथा कामनाहरु त्यसै तुहिएर मरेको पनि होला। यस किसिमको धार्मिक कारोवार देखि म पनि सशंकित भएको छु। कुनै पनि धर्मले गर्ने धार्मिक कारोवार यस्तै छ - उसले लिने कुरा जति सबै हाताहाती रुपले गर्छ र दिने कुरा जति सबै उधारोमा अलग्ल्याउँछ, के यो न्यायिक कुरा हो ? धर्मले गरेका यस्ता व्यवहार धर्म हो वा अधर्म हो मैले छुट्याउन सकेको छैन। यदि कसैले यसैलाई न्याय सम्झनु भएको छ भने मेरो भन्नु केहि छैन। अन्यथा हो भने यस्ता मान्यतालाई कति मान्य ठानी मानि राख्ने। एक हातले हाताहाती लिने र अर्को हातले उधारो संझौता गर्ने यो कहाँको न्याय हो ?

साधारण पसलमा किनमेल गर्न जाँदा पनि पहिला सामान लिएर, हेरेर र छामेर चित्त बुझेपछि मात्र त्यो सामानको मूल्य चुक्ता गरिन्छ तर धर्मले दिने कुरा न त छाम्न, हेर्न नै पाइन्छ, न त चित्त बुझ्ने किसिमले ढुक्क हुन नै सकिन्छ। केवल रे रे कै भरमा सबैले मन बुझाउनु परेको छ। यदि उधारो कारोवारबाट धर्म चल्न सक्तैन भने के उधारो कुरा गरेर हाम्रो गृहस्थि चल्न सक्छ ? सबै धर्मलाई यस प्रश्नको जवाफ थाहा छ कि छैन होला, मलाई शंका लाग्छ। कुनै पनि धर्मले लिनु पर्ने कुरा जति वर्तमान कालमै लिएर मोज मस्ति गर्ने र दिनु पर्ने कुरा जति मरेपछि दिन तम्सेको देख्दा शंका गर्ने ठाउँ धेरै नै छ।

कुनै पनि धर्मले हाम्रो कुरा भने सुन्दै नसुन्ने र उसका कुरा भने जीवन भरि नै रटि राख्न पर्ने यो कस्तो सन्तुलन। यस किसिमको चाल चलन, बुद्ध धर्ममा पनि देख्न पाइन्छ। जस्तै पञ्चशीललाई बुद्ध धर्मका अनुयायीहरुले पनि जति पटक भिक्षु भेट हुन्छन्, त्यति पटक रट्न अनिवार्य छ। यो रटाई कतिपटक सम्म रट्न पर्ने हो कुनै निश्चित छैन। के यो कार्यशैली ठिक छ ? कुनै पनि कुरा बुझ्न आवश्यक छ भने नबुझिन्जेल त्यस कुरालाई बुझ्न आवश्यक छ र बुझाउन कसिएकाले बुझ्ने गरि बुझाई दिनु पर्छ। जाने बुझेका कुरालाई घोकाई राख्न आवश्यक छैन। कार्यान्वय नभएका कुरालाई कार्यान्वयन तिर जोड दिनु पर्छ, घोक्न र घोकाउन तिर जोड दिनु हुन्न।

कुनै पनि धर्मले घोकाई रहेका कुराहरु सम्झदा एउटा पौराणिक कथाको याद आउँछ। परापूर्व कालमा सुगाको ठूलो बथान थियो। त्यो बथानमा एउटा बुढो सुगा पनि थियो। सबै सुगाहरु दिनहुँ चारा खोज्न जान्थे र कति त व्याधाको जालमा फसेर बन्धनमा पर्दथे। व्याधाले पनि मिठा मिठा अन्नहरु छरेर जाल थाप्दथ्यो र बचेका सुगाहरु भोलिपल्ट पून: त्यहि जाल नजिक चर्न जान्थे र जालमा फसेर उम्कनै नसक्ने गरि कस्दथे। एवरितले सुगाहरु क्रमश सखाप हुँदै गएको देखेर बुढो सुगाले सबै सुगालाई एउटा कुरा रटायो। हेर नानी बाबु हो व्याधा आउँछ चारा छर्छ, जाल थाप्छ र मार्छ खान्छ त्यसैले त्यता जान हुन्न। त्यस पछि दैनिक रुपले सबै सुगाहरु यो कुरा रट्दै रट्दै त्यहि जाल नजिक पुग्दै भन्दथे - व्याधा आउँछ, चारा छर्छ जाल थाप्छ र मार्छ खान्छ। जालमा फसेर व्याधाको घरमा पुग्दा सम्म यहि कुरा रटि रहन्थे र व्याधा पनि मजा मानि मानि सुगा मार्न छाड्दैनथ्यो। के आजको कम्प्यूटर युगमा आएर पनि यस किसिमको सुगा रटाई उपयुक्त होला।

आज देश हत्या हिंसामा चुर्लुम्म डुवेको छ। देशभरि आतंकवादी फैलिएका छन्। तर ती आतंकवादी वसोवास गर्ने स्थलमा कुनै पनि भिक्षु पञ्चशील प्रदान गर्न र वुद्धको शान्ति सन्देश दिन पुग्नु भएको छैन। वुद्धको पञ्चशील र शान्ति सन्देश विहार, गुम्वा र लुम्विनीमा नै सीमित छ। हम्रो वुद्ध यस्ता थिए, उस्ता थिए भनि वुद्धलाई वुद्ध बनाउने काममै बुद्ध धर्म अलमलिएको छ। के वुद्धलाई अझै पनि वुद्ध बनाई राख्नु पर्छ ? मलाई लाग्छ वुद्ध धर्मको मात्र कुरा हैन कुनै पनि धर्म व्यावहारिक रुपबाट असफल हुँदै छन् र केवल धर्म बचाउनको लागि मात्र धार्मिक कार्य भएको छ। मानिस बचाउनका लागि धार्मिक कार्य भएको छैन।

यो विश्व ब्रम्हाण्डमा कुन कुरा ठीक र कुन कुरा वेठीक हो भन्ने कुरा समय र स्थानले एकिन गर्छ। यसैकारण बुद्धको शान्ति सन्देश विहार र गुम्वालाई भन्दा माओवादीको सेल्टरलाई आवश्यक छ। लुम्विनीलाई भन्दा रुकूम, रोल्पा, सल्यान, प्यूठान र गोर्खालाई आवश्यक छ। जहाँबाट अशान्तिको उदय भएको छ त्यहाँ शान्तिको सितलता आवश्यक छ। जसको हात खुट्टा भाँचिएको छैन उसलाई मलम पट्टि किन चाहियो, भाँचिएकोलाई पो मलम पट्टि चाहिन्छ। धर्म दर्शनले सँधै भरि आश्वासन र सान्त्वना मात्र दिने हो भने त्यसले कसैको पनि व्यावहार चल्दैन। आज देशमा रगतको खोलो वगेको छ। सारा नेपाली दिदी वहिनी र आमाहरु आँशुमा डुवेका छन् र पनि धर्माधीशहरु तेरो धर्म र मेरो धर्म भनि विभाजित छन्। तँ ठूलो र म ठूलो भन्ने होडवाजि गरि रहेछन्। दशौं पटक ध्यान वस्नेको ध्यान यो अशान्ति पट्टि छैन भने धर्म भनेको केवल मूख वोल्ने र व्यवहार नवोल्ने कुरो रहेछ भन्ने भाव सवैमा पर्दैछ। धार्मिक मान्यतालाई सवैले टिकाइदिनु पर्ने र धर्मले भने कसैलाई पनि टिकाउन नपर्ने यस्तो अव्यावहारिक, असन्तुलित र न्याय नभएको धर्महरु सायद अव पनि परिवर्तन चाहान्न भने समयले यिनीहरुलाई धेरै पछाडी छाडेर अगाडी वढ्ने छ र धर्म धेरैपछि पर्नेछ भन्दै मेरो भनाई आजलाई यति नै। ❖❖❖


अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्य तिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** पहिलो पटक प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्यलाई**
हार्दिक वधाई ज्ञापन गर्दै उहाँको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु।

**हेमलक्ष्मी बुद्धाचार्य**
मोहरीया टोल

अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्यतिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने काठमाण्डौं बुद्ध विहारका
**भिक्षु कोण्डन्य** लाई हार्दिक बधाई ज्ञपन गर्दछु।

**मंगली बज्राचार्य**
मोहरीया टोल

# यूरोपमा पहिलो पटक मनाइएको बुद्ध जयन्ती कार्यक्रम एक स्मरणात्मक विवरण

❑ अमृत रत्न शाक्य
❑ विनायक शाह

मिति : मे १८, २००० (जेठ ५, २०५७)

स्थान : स्वयम्भू नाथको भव्य २३ मिटर अग्लो कलात्मक सुन जलप लगाइएको स्तूपाको प्रतिमूर्ति सँगसँगै जोडिएर बनाइएको ११ मिटर अग्लो कलात्मक चाँगु नारायणको मन्दिरको प्रतिमूर्ति अगाडिको मण्डला आकारको सुन्दर बगैचाको उत्तर तर्फको पटाङ्गी ।

साँझको ५ बजे एक्स्पो २००० विश्व प्रदर्शनी आयोजना गर्ने जर्मनीको उत्तरमा रहेको ह्यानोभर शहरका गण्यमान्य व्यक्तिहरुको साथ साथै यो विश्व प्रदर्शनीमा भाग लिने विश्वका १५८ राष्ट्रका प्रतिनिधिहरु र ३५ अन्तर्राष्ट्रिय संगठन र बहुराष्ट्रिय कम्पनीहरुको प्रतिनिधिहरुको जमघट भइसकेको थियो - एक्स्पो २००० ह्यानोभर आयोजना स्थलमा निर्मित नेपाल हिमालय मण्डपमा भगवान बुद्धको २५४३औं जयन्ती मनाउन ।

स्वयम्भू नाथको स्तूपाको हुवहू प्रतिमूर्ति स्थापना गरी नेपाल बाहिर बुद्ध जयन्ती मनाइएको पहिलो अवसर भएको कारण आमन्त्रित आगन्तुकहरुमा विशेष कौतुहल र रोमाञ्चक मुद्राको स्पष्ट भाव अनुहारमा पढ्न सकिन्थ्यो ।

एक्स्पो २००० विश्व प्रदर्शनीमा नेपालले प्रस्तुत गरेको बौद्ध धर्म र दर्शन प्रतिनिधित्व गर्ने स्वयम्भू नाथको भव्य स्तूपा र हिन्दू धर्म र दर्शन दर्शाउने चाँगु नारायणको आकर्षक मन्दिर आकारको २५०० वर्ग मिटर क्षेत्रफलमा फैलिएको नेपालको हिमालय मण्डपको जर्मनी र यूरोपीय सञ्चारका माध्यमले गरेको श्रृखलाबद्ध प्रचार प्रसारले गर्दा सो समारोहमा भाग लिने अतिथिहरुमा विशेष कौतुहल र आकर्षण रहेको थियो ।

निमन्त्रणा गरिएका सबै जसो ५०० अतिथिहरु हिमालय मण्डपको पटाङ्गीमा खचाखच भरिसकेको थियो भने सुरक्षा दलबल सहित आउने विशिष्ट पाहुनाहरुको आगमन पनि निरन्तर रुपमा भइ रहेको थियो। सञ्चार माध्यममा अत्यधिक चर्चा पाएको नेपाल हिमालय मण्डपमा प्रस्तुत उत्कृष्ट काष्ठ, धातु, प्रस्तर कलाका सुन्दर नमूनाहरु उपस्थित पाहुनाहरुले पहिलो पल्ट हेर्न पाएका कारण सबै पाहुनाहरु सानो सानो समूहमा विभाजित भएर निरिक्षण गर्दै सह्रानाका उद्‌गारहरु व्यक्त गर्दै थिए ।

सो समारोह बुद्ध जयन्ती मनाउने कारणले त चर्चित थियो नै साथ साथै करीब ३ महिना लगाएर बनाइएको नेपाल हिमालय मण्डपको समुद्घाटन समेत बुद्ध जयन्तीको पवित्र दिनमा हुन लागेको हुँदा सबैमा उत्साह र उमंग छाएको थियो । पवित्र स्तूपा तथा मन्दिरमा गजूर राख्ने दिन थियो सो दिन । करीब ३ वर्ष लगाएर तयार गरिएका कलात्मक मण्डप निर्माणका लागि सबै आवश्यक सामग्रीहरु नेपालबाट ल्याएर ३ महिनाको अथक परिश्रम पश्चात निर्माण गरिएको नेपाल र नेपालीको धरोहरको रुपमा प्रस्तुत सो हिमालय मण्डप बनाउने सम्पूर्ण नेपाली टोली पनि काम राम्रोसंग सम्पन्न गरी नेपालको नाम राख्न सकेकोमा खुशीले गद्‌गद् थिए ।

समारोहमा भाग लिन पाल्नु भएका सबै गण्यमान्य व्यक्तित्वहरुलाई मुख्य पूजा हुने स्थल तर्फ धिमे बाजा र नाचगान टोलीले बाटो देखाउँदै लगेर यथास्थानमा विराजमान गराए पछि कार्यक्रम शुरु भयो । सो

समारोहमा बुद्ध पूजा पश्चात मण्डपको समुदघाटन गर्ने क्रममा स्तूपा र मन्दिरको गजूर राख्ने र गजूर स्थापना पछि हुने पूजा पश्चात नरिवल खसाल्ने कुरा त्यहाँ उपस्थित सबै अतिथिमा अवगत थियो । स्तूपा र मन्दिरको गजूरबाट खसाल्ने नरिवल जसले पाउँछ उसले छोरा पाउने र भाग्य बढ्ने कुरा त्यहाका प्रमुख अखवार, टेलिभिजन र रेडियोहरु मार्फत केही दिन अगाडिदेखि नै नियमित रुपमा प्रचार प्रसार भइसकेको थियो । यसै प्रसंगमा नेपाल मण्डपका कार्यवाहक कमिशनर जनरल श्री अमृत रत्न शाक्यसंग स्थानीय टेलिभिजन नेटवर्कले लिएको अन्तर्वार्तामा स्वयं शाक्यको जन्म पाटनको स्वर्ण मन्दिरबाट खसालिएको नरिवल प्रसादको रुपमा उहाँका माताले ग्रहण गरे पश्चात १४ दिदि बहिनी पछि परिवारको १५औं सन्तानको रुपमा उहाँको जन्म कान्छो छोराको रुपमा भएको रोचक तथ्य प्रकाशमा आए पछि त्यस दिनको नरिवल खसाल्ने कार्यक्रम प्रति सबैको अझ बढी चाख बढेको थियो ।

उत्सुकता र कौतुहल वीच कार्यक्रमको थालनीसंग सगै दिन भरी बादलले ढाकिएको आकाशबाट सूर्यको दर्शन भए पछि कार्यक्रममा नयाँ हलचल र रौनकता आएको थियो भने धेरैले दैवी शक्ति र चमत्कार छ भन्ने कुराको पुनः स्मरण गरेको थियो ।

कार्यक्रमको शुरुमा परम्परागत रुपमा बुद्ध पूजा भयो । मण्डपमा स्थापित २ मिटर अग्लो २ टन ओजन भएको पूर्ण कदको उभिएको बुद्धको ढुगाको मूर्तिमा पालै पालो सबैले पूजा अर्चना गरी केही क्षण ध्यान गरे । स्तूपाबाट चारैतिर तानिएको पञ्चरङ्गी बुद्ध मन्त्र अंकित झण्डा साँझको शितल हावासगै लहराएको दृश्य अतिथिहरु आफ्नो क्यामरामा कैद गर्न आतुर देखिन्थे र शाही नेपाली राजदूत महामहिम बलराम सिंह मल्ल र एक्स्पो २००० विश्व प्रदर्शनीका प्रमुख महामहिम ब्रिगिट ब्रूअलले पूजाको सामान, सेतो कपडाको थान र नरिवल गजूर राख्न जाने टोलीलाई प्रदान गर्नु भए पछि सबैको आँखा स्तूपाको त्रियोदशभूवन र मन्दिरको छाना चढ्ने नेपाली नाइकेहरुमा केन्द्रित रह्यो । कुनै डर त्रास बिना साधारण भऱ्याङ्ग चढे जस्तै गरी स्तूपाको २३ मिटर अग्लो टुप्पा र मन्दिरको ११ मिटर अग्लो टुप्पा सम्म सहजै पुगेका नाइकेहरुको करतल ध्वनिबाट सह्राना भयो । ३ महिना देखि दिनको धेरै पटक तल माथि गर्दै आएका नाइकेहरुलाई टुप्पामा पुग्नु कुनै गाह्रो काम नभए पनि उपस्थित गण्यमान्यहरुको आँखा अगाडि टुप्पामा पुग्दा सबैले अलि ध्यान पुऱ्याएर विस्तारै पाइला बढाएका थिए । गजूर राखियो, तालीको गुञ्जायमानका साथ साथै सयौं थान तस्वीर उत्तारियो पाहुनाहरुबाट । नाइकेहरुबाट भएको पूजा, गजूर स्थापना आदी सबै कार्यवाहीको धारा प्रवाह जर्मन भाषामा माइक मार्फत बिबरण प्रस्तुत गर्दै रहेका कार्यवाहक कमिश्नर जनरल श्री अमृत रत्न शाक्यले जब नरिवल खसाल्ने समय भयो भनेर जानकारी दिनु भयो सबै अतिथि सतर्क एवं तयार भए । स्तूपाबाट पहिलो नरिवल खसालियो, धेरै अतिथिहरु त्यस तर्फ दौडिए । एकछिनको गम्सा गम्सी खोसा खोस पछि विजय भावको मुस्कान सहित एक्स्पोका टेक्निकल अधिकारी इन्जिनियर सिसा क्रेमर दाहिने हातबाट नरिवल देखाउँदै भीडबाट बाहिरिए । सबैले ताली बजाए । उनले तुरुन्तै बताए, उनको पत्नी गर्भवती छिन र सो नरिवल उनैको लागि हो ।

पहिलो नरिवल हात पार्न नसकेकाहरुको ध्यान अब मन्दिरको टुप्पा तर्फ केन्द्रित भयो । मन्दिरबाट दोस्रो नरिवल पनि खसालियो, फेरि भाग दौड, गम्सा गम्सी लुछाचुँड । यस पटकको नरिवल सिंगो रुपमा कसैले पाएनन् । खस्दा नै दुई टुक्रा भएको सो नरिवल अनगिन्ती हातहरुको लुछाचुडीमा धेरै टुक्रा भयो र धेरैले स-साना टुक्रा फेला पारे । सबैले सानै टुक्रा भए पनि भाग्य बढ्ने प्रसाद ग्रहण गरी रमाए ।

सो कार्यक्रममा अतिथिहरुबाट भगवान बुद्ध प्रति दर्शाईएको श्रद्धा भाव हेर्ने लायकको थियो । सबैले प्रसाद ग्रहण गरे, रातो टीका लगाए, कोखा धारण गरे । पूजा पछि नेवारी परम्परागत खानाबाट सबैको स्वागत गरियो । नाचगान भयो सबै नेपालीले न्यानो आतिथ्यको मिठो अनुभव गरे, आफ्नो मानस पटलमा राखेर घर गए ।

यसरी बुद्ध जयन्तीको पवित्र दिनमा उद्घाटित नेपाल हिमालय मण्डप पछि गएर एक्स्पो २००० को प्रमुख आकर्षण रह्यो । एक्स्पो चलेको ५ महिनाको अवधिमा दैनिक सरदर ३० देखि ४० हजार दर्शकहरुले बौद्ध स्तुपा र हिन्दू मन्दिरको अवलोकन गरे, श्रद्धा गरे, पूजा गरे र जति समय नेपाल मण्डपको परिसरमा बिताए सबैले पूर्ण शान्तिको अनुभव गरे अनि त्यस शान्तिमय क्षणको मिठो सम्झना र भगवान बुद्ध र बुद्ध जन्मेको देश नेपालको अमीट छाप मनमा लिएर गए ।

निर्माण कार्यका प्रमुख श्री कमल राज शाक्यले नेपालको राष्ट्रिय झण्डा ३३ मिटर स्तुपाको टुप्पामा राखेर उपस्थित सबैलाई नेपाली हुनुको गर्व गराएका थिए भने उनैले स्तुपाको चारै दिशामा रहेका बुद्धका आँखाहरुबाट पहिलो पटक यूरोपलाई हेरिएको उद्गार व्यक्त गर्दा नेपाल मण्डपमा काम गर्ने सबै नेपालीहरुको हर्षाश्रु छछल्किएको थियो ।

एकजना श्रीलंकाका पेशाले आयुर्वेदिक डाक्टरले नेपाल मण्डपमा रहेको बुद्धको मूर्ति पूजा एक्स्पो चलेको सबै १५३ दिन बिहान ७.३० बजे आएर पूजा गरिन । ती श्रीलंकाकी डाक्टरको एक्स्पोमा रहेको श्रीलंका मण्डपमा क्लिनिक थियो र उनले नेपाल मण्डपमा काम गर्ने सबै नेपालीहरुलाई आफ्नै परिवार जस्तै माया र सम्मान गरिन ।

एक्स्पो अवधि भरी नेपाल मण्डपको पूर्व पट्टी स्थापना गरिएको २ मिटर अग्लो २ टन ओजनको उभिएको बुद्धको प्रस्तर मूर्तिमा पूजा गर्न आउनेहरुको भीड लाग्थ्यो । मण्डपमा नियमित रुपमा चलाइएको ध्यानको कार्यक्रम ज्यादै लोकप्रिय रह्यो । दिनको सात पटक सम्म आयोजना हुने सो ध्यानमा प्रत्येक पटक १०० जना सम्मले भाग लिए ।

बुद्ध सम्बन्धी विभिन्न यूरोपीय विद्वान भिक्षुहरु सो कार्यक्रममा प्रवचन दिन आए र मानिसहरुको श्रद्धा र उत्साह देखेर रमाए । केही प्रसिद्ध यूरोपीय बौद्ध भिक्षुहरुले साथमा वितरणका लागि ल्याएका पुस्तक पुस्तिकामा बुद्धको जन्म उत्तरी भारतमा भएको प्रसंग उल्लेख भएको पाउँदा नेपाल मण्डप सञ्चालन गर्नेहरुमा रिस र आवेस उत्पन्न भएता पनि संयम धारण गरी ती विद्वानहरुलाई लुम्बिनी बारे बताए पछि ती विद्वान भिक्षुहरुले वस्तु स्थिति बुझि छापिएका पुस्तिकाहरुमा नै सच्चाएर बुद्ध जन्म स्थल लुम्बिनी लेखिन थालेको यहाँ उल्लेखनीय छ । अर्को उल्लेख्य कुरा स्थानिय जर्मन भिक्षु सुख चित्त प्रत्येक विहान भिक्षा माग्न नेपाल मण्डप आउथे र आशिष दिएर जान्थे । एक्स्पो खुलेको दिन बिहान ७ बजे भिक्षु सुख चित्त नेपाल मण्डपको पहिलो दर्शकको रुपमा एक त्यागी भिक्षु आउनु भएको सबैले शुभ साइतको रुपमा लिए र साँच्चै नै नेपाल मण्डपले पाएको अपार सफलता त्यसै दिन देखि प्रारम्भ भएको थियो ।

बुद्ध धर्म प्रति पश्चिमी समाजमा देखिएको श्रद्धा र चाह ज्यादै उत्साहवर्धक छ । त्यहाँ रहेको चरम भौतिकवाद र सुखको साथ साथै मानविय गुण र पारिवारिक सम्बन्धमा आएको ह्रासका कारण मानिसहरु धनी एवं सुविधा सम्पन्न भएता पनि भित्रिमनमा दुःखी रहेका छन् । यसैका कारण बौद्ध धर्म र दर्शनबाट मानिसहरुले मानवता, मानवीय गुण र शान्तिको भाव र पाठ सिक्न नेपाल मण्डप आए केही पाए र खुशी भएर गए ।

❖❖❖

## अहिंसात्मक मार्ग उपयुक्त हुन्छ

आफ्नो लक्ष्यमा पुग्ने दुइवटा मार्ग छन् - हिंसात्मक र अहिंसात्मक । साधारण दृष्टिले हेर्दा हिंसात्मक मार्ग छोटो र प्रभावकारी देखिन्छ तापनि व्यवहारमा त्यो झन लामो , खतरनाक, दुःखदायी र नोक्सानदायी हुन्छ । अहिंसात्मक मार्ग हेर्दा लामो देखिन्छ तर त्यो सुरक्षित र पक्का हुन्छ जसले लक्ष्यमा छिटो पुर्‍याउँछ । विभिन्न राजनीतिक घटना क्रमले पनि यो सिद्ध गरेको छ । त्यसकारण हिंसात्क भन्दा अहिंसात्मक मार्ग नै उपयुक्त र राम्रो मानिन्छ ।

# हाम्रो समाजमा बुद्ध शिक्षाको महत्व

❑ विष्णु प्रसाद अधिकारी, कक्षा :- १०
एस.ओ.एस.हर्मन माईनर विद्यालय, रामबजार, पोखरा

जहाँ छन् बुद्धका आँखा
स्निग्ध शान्त र सुन्दर
त्यहाँ छ शान्त पवित्र
मेरो राष्ट्र मनोहर ॥

गायक भक्तराज आचार्य, शिद्धिचरण श्रेष्ठको रचनामा आफ्ना स्वरलहरीबाट नेपाललाई, नेपालीलाई बुद्धका आँखाबाट हेराउन चाहेका छन् यसरी ।

"सारथी छन्न ! म विस्मयमा परेको छु, मानिस किन बुढो हुन्छ ? किन रोगी हुन्छ ? सारथी छन्न आफै विस्मयमा परिरहेको थियो, सिद्धार्थ गौतमका वचन सुनेर ।

"वुभ्यौ छन्न ! म यस संसारका हर व्यक्तिलाई मुक्त गराउन चाहन्छु — दुःखबाट, पीडाबाट अनि सांसरिक बन्धनबाट ।"

बालक सिद्धार्थको आफ्नो महान् उद्देश्यपूर्तिको निम्ति मङगलघोष थियो पृथ्वीमा । अरु बालक भन्दा असामान्य थिए सिद्धार्थ । राजसी सुखसयलबाट उनी विरक्तिएका थिए । यी सबै घटनाहरु संकेत गर्दै थिए, बाल सिद्धार्थ भविष्यमा कुनै जाज्वल्यमान प्रतिभा र व्यक्तित्व ठहरिनेछन् भन्ने बारे ।

गौतम बुद्धको चिनारीका निम्ति थोरै पारिवारिक पृष्ठभूमि जान्नु पर्छ सर्वप्रथम ।

सिद्धार्थ गौतमको जन्म ई.पू. ५६३ मा रुपन्देही जिल्लाको लुम्बिनी स्थित शालवृक्षको फेदमा भएको थियो । गौतमलाई पृथ्वीमा पदार्पण गराइदिने माता थिइन महामाया देवी । सिद्धार्थका पिता शुद्धोदन राजा थिए कपिलवस्तुका । सिद्धार्थका बाजे सिंहहनु र बज्यै कञ्चना थिइन् । सातदिनपछि सिद्धार्थले प्रजापती गौतमीको वात्सल्यमा हुर्कन थाले ।

"महाराज ! कुनै पनि प्राणीमा हक कसको लाग्छ उसलाई बचाउनेको या मार्नेको ?" देवदत्तसँग भएको विवादमा उनले राजसभामा गम्भीर प्रश्न गरेका थिए, जब कुनै एउटा हाँसलाई देवदत्त मार्ने प्रयासमा थिए भने सिद्धार्थले उद्धार गरेका थिए उक्त घाइते पक्षीको ।

दिन क्रमशः बित्दै गए सिद्धार्थका । अब म बहुजनको हितका लागि लाग्नुपर्दछ भन्ने सोचाई आएपछि उनी आफ्ना सम्पूर्ण परिवार, इष्टमित्र, सुखसुविधा छाडेर बिलाउन ... आफ्नो दरबारबाट । सम्पूर्ण ब्रम्हाण्डले एउटा गम्भीर आशा लियो कि सिद्धार्थ गौतमले सारा विश्वलाई दुःखबाट छुट्कारा दिलाउने छन् ।

अब उनी कसरी बुद्ध भए त ? मगध भाषा अनुसार 'बुद्ध' भन्ने शब्द 'बुध बाधन' भन्ने धातुबाट बनेको हो । बौद्ध धर्म भन्छ "चार आर्य सत्यलाई सही रुपले बुझ्न सक्ने र बोध गर्न सक्ने मनुष्य बुद्ध हुन्छ" हो जहाँ चार आर्य सत्य भन्नाले तलका चार सत्य बुझिन्छ

(युवा बौद्ध संघद्वारा आयोजित पोखरा उपत्यकाव्यापी अन्तर माध्यामिक बौद्ध निबन्ध प्रतियोगिता २०५१ मा प्रथम घोषित निबन्ध)

(१) दुःख सत्य (२) दुःख समुद सत्य

(३) निरोध सत्य (४) मार्ग सत्य

यसर्थ, हामी यो बुझ्न सक्छौं कि यी चार आर्य सत्यलाई बुझेर आफ्नो जीवन सार्थक बनाउने व्यक्ति नै बुद्ध हो जहाँ सार्थकको अर्थ 'ऐश्वर्य, धन, सम्पत्तिले सम्पन्न' भन्ने नलागोस् ।

बुद्ध शिक्षा के हो र यसको व्यक्तिगत सामाजिक हिसाबमा कत्तिको महत्व छ भन्ने कुरालाई बुझ्न बुद्धको संक्षिप्त जीवन र उनले प्रतिपादित गरेका सिद्धान्त बुझ्न उपयुक्त हुन्छ ।

'चरथ भिक्खवे चारिक' अर्थात् सधैं बहुजनको हितको लागि, भलोको लागि आफूलाई समर्पण गर - गौतम बुद्धको प्रथम उपदेश थियो आफ्ना शिष्यहरुलाई । उनको अन्तिम उपदेश थियो - 'हे भिक्षुहरु सबै संस्कारहरु अनित्य छन् भन्ने बुझी अप्रमानी भई आफ्नो गुण धर्म, सम्पादन गर्न सिक' । तसर्थ, बुद्धका यिनै दुई वाणीका मध्ये भागमा बुद्धका शिक्षा लुटपुटिएको छ, लुकेको छ, जुन आफैले अनुभव गर्नाले संसारबाट मोक्ष प्राप्त गर्न सकिन्छ ।

मानव जीवन कसरी सार्थक सिद्ध हुन्छ, कसरी दुःखबाट छुट्कारा प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मनन गर्दा बोधिवृक्षमुनि तीन प्रहरमा गौतम सफल भए । यसै बोधि ज्ञानको प्राप्ति पछि उनले आर्य अष्टाङ्गिक मार्गको प्रत्युपादन गरे जुन निम्न प्रकार छन् :

(१) सम्यक् दृष्टि (२) सम्यक् वचन

(३) सम्यक् कर्मान्त (४) सम्यक् जीविका

(५) सम्यक् संकल्प (६) सम्यक् व्यायाम

(७) सम्यक् स्मृति (८) सम्यक् समाधि

यो ८ मार्गलाई हामी *(8 Fold Paths)* पनि भन्छौं जसले गर्दा मानव जीवनमा परिनिर्वाण प्राप्त हुन्छ ।

## बुद्धको व्यक्तित्व, शिक्षा दिने शैली

बुद्ध एक महान् व्यक्ति हुन् । उनी संसारमा चिरञ्जीवी, अविस्मरणीय व्यक्तित्व हुन् । 'द लाइट अफ एसिया' भनेर पनि उनलाई सम्बोधन गरिन्छ । उनी एक प्रजातन्त्रवादी, समाज सुधारक पथ-प्रदर्शक थिए उतिखेरको समयमा उनका सिद्धान्त शाश्वत, चिरन्तन र प्रेरणादायी छन् । महापरिनिर्वाण सुत्रमा उनले भनेका छन् - स्वयममा एक ज्योति जगाऊ । स्वयममा विश्वास गर । उनका विचारमा घोर विलासी र घोर तपस्या दुवै अतिवादी हुन् । उनी एक वीणाको नमुना दिंदै भन्छन् - "वीणाको तार बढी कस्नाले पनि भाचिन्छ, साह्रै खुकुलो पार्नाले पनि बज्दैन ।" यसर्थ रोगी र अशक्त भई जीउनु भन्दा स्वस्थ, मोटो, हृष्टपुष्ट भई सामान्य नागरिक सरह जिउन सक्नुपर्छ ।

जीवनका तीता मीठा अनुभूतिहरु संगाल्दै मार्मिकता र संवेदनशीलतामा बुद्ध एक महान् हस्ती सिद्ध भए ।

## आधुनिक समाज : बुद्ध शिक्षाको महत्व

नेपाल थुप्रै वर्ष बुद्धलाई बिर्सेर फेरि आज सम्झनुपरेको छ । निराशै निराशा, काला बादल नेपाली पृष्ठभूमिमा छाइरहेछन् । विश्वमा ठूला ठूला बडापत्रमा हस्ताक्षर भए पनि कुनै पनि मानिसले शान्ति र सुरक्षाको सास फेर्न सकेको छैन । अशान्ति नै अशान्तिको निकृष्ट वातावरण हाम्रो समाज टोलायमान भई

राखेको छ । यहाँ अफगानिस्तान मरिराखेका छन्, नेपाली सडिरहेछन् । "सुन्नु भो ! आज चार जना नेपाली मारिएछन् रे" कुनै आश्चर्य लाग्दैन, हाँस्न मन लाग्छ । यी सबै संकेत गर्दैछन् - 'बुद्ध तिमी उठ्नु पर्छ बुद्ध तिमी फेरी जन्मनुपर्छ यहाँ ।' विश्वको चित्कार छ ।

**महत्व**

बुद्ध शिक्षा सङ्कीर्ण छैन्, उदार छ । अमूर्त परमात्मा भन्दा मूर्त आत्मा दर्शनीय हुनाले, सन्यासवाद भन्दा क्रियावादलाई अध्यात्मवादलाई भन्दा भौतिकवादलाई र कल्पनावाद भन्दा यथार्थताको धरातललाई छुने हुनाले बुद्ध शिक्षा आजको सन्दर्भमा एकदमै महत्व बोकेको शिक्षा हो । हर मानिसलाई शील, प्रज्ञा, समाधि को ज्ञान दिने शिक्षा हो यो ।

अहिलेको संसारमा भएको अस्वस्थ प्रतिस्पर्धा, सामरिक प्रदर्शन भन्दा बुद्धको परिपूर्ण प्रज्ञा र करुणाको शिक्षा एकदमै कर्णप्रिय छन् हाम्रा लागि ।

यदि मानिसले चार आर्यसत्य बुझेर, बुद्धद्वारा प्रतिपादित सिद्धान्तहरु अनुसरण गर्न सक्यो भने अहिले मानव क्षितिजमा देखा परेको विनाशको बादल हट्न सक्छ, नैतिक सिद्धान्तहरुद्वारा सभ्य, शान्त समाजको परिकल्पना गर्न सकिन्छ । विश्वमा भ्रातृत्व भावको सन्देश प्रवाहित गर्न सकिन्छ ।

अहिले समाजमा जर्जर र बर्बर बन्दै गएको आतंक कुनै नेपाली चाहँदैन, पुनः अध्यात्मतिर फर्कन सक्छ । यसका लागि बुद्ध शिक्षा अत्यन्त अपरिहार्य वस्तु हो ।

बुद्ध शिक्षाका माध्यमबाट समाजमा शान्ति स्थापना गर्न सकिन्छ । बुद्ध शिक्षा दिनका लागि पनि बिभिन्न संस्थाहरु, स्थापित हुनुपर्दछ जस्तै युवा बौद्ध संघ आदि ।

पोखराकै परिप्रेक्ष्यमा पनि बिभिन्न गुम्बा, विहार स्थापना गरिएका छन् जस्तै धर्मशीला बुद्ध विहार, कर्मसिद्ध परम्परा द्वीपश्य विहार, ध्ये छेन गुम्बा, विश्व शान्ति स्तूप आदि ।

अहिले समाजमा भौतिक शिक्षा भन्दा पनि नैतिक र आध्यात्मिक शिक्षाको खाँचो छ जसले पार लौकिक वस्तु त्यागेर शान्ति पूर्ण समाजको स्थापना गर्न सकिन्छ । हर मन मस्तिष्कमा 'बुद्धं शरणं गच्छामि' को संकेत गर्दछ ।

नेपाली दार्शनिक चिन्तनधारा पनि भिन्न छ जसले सन्यासवाद भन्दा क्रियावाद अध्यात्मवाद भन्दा भौतिकवाद र कल्पनावाद भन्दा व्यवहारवादलाई बढी प्राथमिकता दिन्छ । बुद्धका शान्तिका सन्देश कुनै एक कुनामा बस्दैमा र कल्याणको कामना गर्दैमा बुद्ध शिक्षा सार्थक ठहरिन्न र बुद्धले दिएका स्वास्थ्य, जनाउपयोगी र सकारात्मक पक्षको अनुसरण गर्न सकेमा, 'शान्ति' नै अपरिहार्य वस्तु हो र यसका निम्ति सबै पक्षका नागरिक जुट्नुपर्दछ । अनि मात्र बुद्धले दिएका सन्देशले सार्थकता प्राप्त गर्न सक्छन् ।

**डा. भीमराव अम्बेडकर भन्छन् -**

"दुई वर्ष अरु बाँचेमा भारतमा ५ करोड बौद्ध देखाइदिन्छु ।" यो उनको बुद्धत्व प्रतिको मोह र समान हो । यसैले हामी पनि किन पछि सर्ने ? बुद्ध नै जन्मेको राष्ट्रबाट नै शान्तिका तरङ्ग फैलन नसक्लान र ?

यी प्रश्न गम्भीर मनन गर्नुपर्छ हामीले । शिक्षालाई सैद्धान्तिक रुपमा मात्रै नराखौं, व्यवहारमा पनि प्रयोग गरी देखाउनुपर्छ । यसैले बुद्धले पनि भन्नु भएको छ" पढेको आफूले मात्र बुझेर पुग्दैन, अरुलाई पनि बुझाउनु पर्छ, सम्झाउनु पर्छ" हर तीर्थङ्कर समाप्त हुन सक्छन् यहाँ ! हर शुभद्रको आवश्यकता छ यहाँ जो ढिलै भए पनि बुद्धत्व प्राप्त गर्न सकोस् । अनि मात्र बुद्धको शिक्षाको सार्थकता हाम्रो समाजमा रहनेछ ।

यसर्थ, हर 'लादेन' छिचोल्न, हर अज्ञानीलाई सही मार्गतर्फ डोऱ्याउन, बुद्ध शिक्षा हाम्रो समाजमा अत्यन्त अपरिहार्य छ, आवश्यक छ र यसका लागि हामी सबै जुट्नु पर्दछ । अनि मात्र साधकना रहन्छ मानवताको अनि मानवीय अस्तित्वको ।

"भवतु सर्व मंगलम्"

"भिक्षु सुदर्शनको दुःखद निधनबाट म लगायत हाम्रो विद्यालय परिवार स्तब्ध छ। भगवान बुद्धको सामीप्यतामा उहाँको आमको वास रहोस् ।"

घुमन्ते भइकन यहाँ
बुद्धत्व पाइन्छ भने,
ईश हे !
मलाई विश्व यात्री बनाइदे ।

❖❖❖

## विशेष अनुरोध

धर्म चक्षु बौद्ध मासिक पत्रिका धर्मशिला विद्वत वृत्तिको व्यवस्थापनमा मैले एक वर्ष सम्म सम्पादन गरेर निकाल्ने सहमति भए अनुसार पत्रिका प्रकाशन गरिराखेको यहाँहरुलाई अवगत गराउन चाहान्छु ।

सो सहमति यस अंक देखि समाप्त हुने भएकोले यस पछि पत्रिका सम्पादन गर्न इच्छुक महानुभावहरुले प्रधान सम्पादक तथा प्रकाशक भिक्षु श्रद्धानन्दसँग सम्पर्क गर्नुहुन विशेष अनुरोध गर्दछु ।

तिलकमान गुभाजू
सम्पादक


अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्य तिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** पहिलो पटक प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्यलाई**
हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु ।

**सूर्यमाया बज्राचार्य**
मोहरीया टोल



अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्यतिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने काठमाण्डौं बुद्ध विहारका
**भिक्षु कोण्डन्य** लाई हार्दिक बधाई ज्ञपन गर्दछु ।

**गौतमी बुद्धाचार्य**
मोहरीया टोल

# कर्मले गरौं शान्ति शान्ति

➤ सुवर्ण बज्राचार्य

मुखको वोली मनमा उतारी कर्मले गरौ शान्ति शान्ति
आज हो कि भोलि मर्ने के को हिंसा युद्ध अशान्ति ?

सुख पछि दुःख आउँछ दुःख पछि सुख हो
सुख दुःख वीच रमाई वाँच्नु सत्य जीवन हो
यही रीति संसारको सम्झी सवले त्यागौं भ्रान्ती
सपना हो जीन्दगानी के को हिंसा युद्ध अशान्ति

कसले के के ल्याए थाहा कस्ले के पो लिई गए
खाली हात आऐ यहां खाली हात फर्की गए
केलाई हो यो लालच झगडा किन ईर्ष्या द्वेष क्रान्ति
पानी फोका सरी हो जीवन के को हिसा युद्ध अशान्ति

हिंसाबाट हुन्नन् कोही महान वीर वलवान
अहिंसा नै मानवता को सच्चा मूल्य मानव शान
जन्म लिई मर्त्यलोकमा दया क्षमा प्रेम प्रशान्ति
लानु केही छैन जगमा के को हिंसा युद्ध अशान्ति


❖❖❖

अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्यतिथिको उपलक्ष्यमा
उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा
स्थापित धर्मशिला विद्वत वृत्ति प्राप्त गर्नुहुने काठमाण्डौं
*बुद्ध विहारका भिक्षु कोण्डन्यलाई*
हार्दिक बधाई ज्ञापन गर्दछु ।



**सन्तमाया बज्राचार्य**
मोहरीया टोल

अनगारिका धर्मशिलाको १६औं पूण्यतिथिमा गुरुमाको
**हार्दिक स्मरण गर्दै उहांको स्मृतिमा संस्थापित**
**धर्मशिला विद्धत वृत्ति**
पहिलो पटक प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्य** लाई
हार्दिक शुभकामना ज्ञपन गर्दछु ।



**तुमला बुद्धाचार्य**
मोहरीया टोल

# आधुनिक विज्ञान र बुद्धवाद

❑ कपिल अधिकारी

गौतम बुद्ध एक महान क्रान्तिकारी दार्शनिक हुनुहुन्थ्यो । जताततै हिंसा र युद्धले आक्रान्त विश्वमा बुद्धको छवि एक शान्तिवादी धर्मगुरुका रुपमा बढी चर्चित छ र शायद सान्दर्भिक पनि छ । बुद्धको दर्शनलाई केवल शान्तिवादी दर्शनका रुपमा मात्र लिने कि यसमा अरुपनि लिनुपर्ने कुराहरु छन् ? बुझ्नुपर्ने कुरा यो पनि हो । बुद्धलाई आफ्नो आदर्श मान्नेहरुले बिर्सनै नहुने कुरा के हो भने बुद्ध दर्शन अन्य तथाकथित धर्म जस्तो जडसूत्रवादी दर्शन हुँदै होइन । यो त प्रकृतिका नियमहरुलाई क्रमशः खोज्दै जाने र त्यसलाई आत्मसात गर्दै जाने एउटा अनन्त प्रक्रियालाई जोड दिने दर्शन हो । बुद्धले आफ्नो समयमा के भन्नुभएको थियो भनेर वहाँका उपदेश कण्ठस्थ पारेर हैन वरु बुद्धले सत्य खोज्न उनको पद्धति अख्तियार गरेर नै बुद्धलाई चिन्न सकिन्छ । बुद्धको पद्धति भनेको अध्ययन, विश्लेषण र आफ्नो विवेक प्रयोग गरेर सत्य चिन्नुपर्ने विभज्जवादी पद्धति हो । त्यसैले बुद्धवादीहरुले पनि विज्ञान तथा प्रविधिको क्षेत्रमा भएका नवीन खोज र निष्कर्षलाई नजिकबाट नियाल्ने र आफ्ना पुराना धारणाहरुलाई परिमार्जन गर्दै प्रकृतिका रहस्यहरुलाई अझ गहिरो र वास्तविक रुपमा बुझ्ने कोशिस गर्नुपर्दछ । यसोगर्दा बुद्ध दर्शनलाई आधुनिक विज्ञानका उपलब्धिहरुले अझ बढी विकसित गर्न सकिने मात्र नभई विज्ञानले जन्माएका भनिएका आधुनिक विकृतिहरु प्रति मानव समुदायलाई सचेत पार्न पनि सहज हुन्छ ।

आजभन्दा २५ सय वर्ष अघि बुद्धद्वारा प्रतिपादित प्रतित्य समुत्पाद र हेतुबादका सिद्धान्त आजको एक्काइसौं शताब्दीमा पनि उत्तिकै सान्दर्भिक मात्र हैन वैज्ञानिक खोज र अनुसन्धानका लागि मार्ग दर्शक पनि बन्न सक्ने क्षमता भएका सिद्धान्त हुन् । जति जति आधुनिक विज्ञानले आफ्नो अनन्त यात्राका क्रममा नयाँ नयाँ नियमहरुको प्रतिपादन गर्दै गइरहेको छ, त्यति त्यति बुद्ध दर्शनका आधारभूत सिद्धान्तहरु आश्चर्यजनक रुपमा प्रमाणित हुँदै गएका छन् । कुनैपनि घटना या वस्तुको सिर्जनाको पछाडि कुनै न कुनै हेतु (कारण) हुन्छ । विनाकारण, सयोगवश, आकस्मिक रुपमा कुनै पनि वस्तु या घटनाको सिर्जना हुनु असम्भव छ । कुनै एक वस्तुको निषेध भएर अर्को वस्तुको सिर्जना हुन पुग्छ र यो प्रक्रिया अनन्तसम्म चलिरहन्छ र एक पलको लागि पनि यो क्रम रोकिदैन । कुनै पनि चिज स्थायी र नित्य हुन सक्दैन । यी निष्कर्षहरुमा आधुनिक विज्ञान पुगिसकेको छ तर विज्ञानले यी निष्कर्षहरु निकाल्नु भन्दा शताब्दियौं अगाडि गौतम बुद्धले प्रतित्य समुत्पादको सिद्धान्त मार्फत ती निष्कर्षहरु प्रस्तुत गर्नु भएको थियो ।

'अस्मिन सति इदम भवति' ले प्रतित्य समुत्पादको ... व्याख्या गर्दछ । अर्थात् भगवान गौतम बुद्धले प्रतिपादन गर्नुभएको प्रतित्य समुत्पादले कुनै एउटा वस्तु या घटनाको लय भएपछि मात्र अर्को वस्तु या घटनाको उत्पत्ति हुने कुरा बताउँछ । यो भएपछि त्यो हुन्छ, त्यो भएपछि त्यो हुन्छ । जस्तो बीउ भएपछि मात्र बिरुवा हुन्छ । बिरुवा भए मात्र फल वा फूल हुन्छ, फल वा फूल भए मात्र बीउ हुन्छ । अनि उचित पर्यावरण भए मात्र यी सबै हुन्छ । यसलाई हेतु - प्रत्यय या कार्य - कारण (Cause and effect) को सिद्धान्त पनि भनिन्छ । यसले प्रकृतिको गतिशीलताको व्याख्या गर्दछ साथै प्रकृतिका कुनै पनि घटना या वस्तु एकदमै अलग नभई तिनीहरुको बीचमा अन्तर्सम्बन्ध रहेको कुराको पनि व्याख्या गर्दछ ।

संसारमा जे जति कुराहरु छन् ती सदा सर्वदा एक्ला एक्लै र अलगथलग रुपमा नभई तिनीहरु बीच प्रत्यक्ष या अप्रत्यक्ष अन्तर्सम्बन्ध हुन्छ र यही अन्तर्सम्बन्ध नै परिवर्तन र गतिको कारण हो । आधुनिक

विज्ञानले पनि प्रकृतिमा भएका सम्पूर्ण घटनाहरुलाई यही रुपमा व्याख्या गर्दछ। हुन सक्छ कुनै अमुक घटनाको कारण र यसको अन्य घटनाहरुसँगको अन्तर्सम्बन्ध आजसम्म पनि पत्ता नलगाईएको होस् तर यसको मतलव त्यसको कुनै कारण नै छैन र त्यो बिल्कुलै अलग थलग रुपमा अस्तित्वमा छ भन्नु विज्ञानलाई त्याग्नु हो। त्यसैले सृष्टिलाई अलग थलग रुपमा व्याख्या गर्ने तथाकथित ईश्वरवादी धर्महरुलाई अवैज्ञानिक भन्न सकिन्छ।

वास्तवमा आधुनिक विज्ञानको सम्पूर्ण जसो शक्ति र समय प्रकृतिका विभिन्न घटनाहरुका बीच अन्तर्सम्बन्ध र कार्य-कारण पत्ता लगाउनमा नै बितिरहेको छ र यस दिशामा सफलता पनि मिलिरहेको छ। यहाँ सम्म कि विसौं शताब्दी अघि सम्म वैज्ञानिक जगतले समेत निरपेक्ष र अलग थलग रुपमा लिने गरेको आकाश (Space) र समय (Time) समेत एक अर्कासँग अत्यन्तै अन्तर्सम्बन्धित भएको कुरा पत्ता लागेको छ। आधुनिक विज्ञानको क्षेत्रमा आकाश र समय (Space and Time) होइन। आकाश-समय (Space-Time) भन्ने शव्दावली प्रयोग गरिन्छ। तर आश्चर्यको कुरा के छ भने बिसौं शताब्दीमा विकसित यो सिद्धान्तलाई केही फरक परिस्थिति र फरक भाषामा सोह्रौं शताब्दीका बौद्ध भिक्षु असंगले समेत प्रस्तुत गरेका थिए। उनका अनुसार समय एउटा संज्ञा मात्र हो। हेतु र फलको अविच्छिन्न श्रृङखलाको निम्ति एउटा प्रज्ञप्ति मात्र हो। जहाँ सम्पूर्ण गतिविधिहरु अर्थात् हेतु र फलको निर्विघ्न निरन्तरता रहन्छ त्यही आकाश हो। यसको अर्थ के हो भने सर्वकृत्य अवकाशता रहने आशबाट भिन्न समय भनेको केही छैन। समय नामको केही कुरा अलग्गै निरपेक्ष रुपमा छैन। त्यसैगरी गएको शताब्दीको सबैभन्दा चर्चित र युगान्तकारी सूत्र $E=mc^2$ ले पिण्ड र उर्जा दुई फरक फरक कुरा हुन भन्ने शास्त्रीय मान्यतालाई खारेज गरी पिण्ड (Mass) र उर्जा (Energy) एउटै कुराको दुई भिन्न रुप मात्र हुन् भन्ने तथ्य स्थापित गरेको छ। प्रकृतिमा अस्तित्वमा रहेका सम्पूर्ण बल (Force) हरुलाई एउटै सूत्रमा आवद्ध गर्नसक्ने 'एकीकृत क्षेत्र सिद्धान्त' (Unified field Theory) पनि क्रमशः विकसित हुँदैछ। यसरी बुद्धले २५ सय वर्ष अगाडि विकास गर्नुभएको प्रकृतिको एकत्व सम्वन्धि अवधारणा दिन प्रतिदिन अझ विकसित रुपमा प्रमाणित हुँदै गइरहेको छ।

भगवान बुद्धका अनुसार यो संसारमा कुनै पनि चिजको अस्तित्व छ तथा अस्तित्व छैन। बुद्धको यो भनाइमा रहेको द्वन्द्ववाद बुद्ध दर्शनको एउटा प्रमुख वैज्ञानिक पक्ष हो। हामी एउटा जिउँदो मानिसलाई बाँचिरहेको देख्छौं तर ऊ प्रत्येक पल मृत्यु पनि भोगिरहेको हुन्छ। उसको मृत्यु र जन्मको क्रम प्रत्येक पल चलिरहेको हुन्छ। उसका शरीरका करोडौं कोषहरु मर्ने र त्यहाँ नयाँ कोषहरु जन्मने प्रक्रिया चलिरहेकै हुन्छ। उसका विचारहरु पनि जन्मने र मर्ने क्रम चलिरहेकै हुन्छ। त्यसैले बाँच्नु भित्र मर्नु पनि लुकेको हुन्छ र तिनै दुइ बीचको अन्तर्विरोध नै जीवन हो। प्रकृति पनि यसरी नै चलिरहेको हुन्छ। कुनै वस्तु एकै समयमा उही स्थानमा हुनु पनि र नहुनु पनिको उदाहरणको रुपमा बगिरहेको नदीलाई लिन सकिन्छ। नदीको पानीको गति हेर्दा खास स्थानमा खास समयमा नदीको पानी छैन भन्ने हो भने त्यो छ, त्यो स्थान भएरै पानी गुज्रिरहेको छ। छ भन्ने हो भने त्यो समयको त्यो स्थानको पानी छुन हात लैजाँदा त्यो बगेर अगाडि बगिसेको हुन्छ। बौद्ध ग्रन्थहरुमा यस्ता असंख्य उदाहरणहरु पाइन्छन्। ब्रम्हाण्डका हरेक वस्तुको गति ठिक यस्तै हुन्छ। यसलाई प्रकृतिको विच्छिन्न प्रवाह (Discontinuous Continuty) को रुपमा लिन सकिन्छ। प्रकृतिका सम्पूर्ण घटनाहरु प्रत्येक पल जन्मने र मर्ने कार्य भइरहेकै हुन्छ। सूक्ष्म भन्दा सूक्ष्म पलको लागि पनि यो प्रक्रिया रोकिदैन। ब्रम्हाण्ड समेत फैलिने र खुम्चिने गरिहेको हुन्छ भनेर महाविष्फोटको सिद्धान्त (Big Bang Theory) ले बताउँछ।

'अनिच्चावत संखारा' संसार अनित्य छ। क्षणिकवादको घोर पक्षपाती बुद्ध दर्शन कुनै पनि कुरालाई अन्तिम र नित्य मान्न तयार हुँदैन। बुद्ध दर्शनको यही विशेषताले यसलाई अन्य सबै पूर्वीय दर्शनभन्दा पृथक

र बढी यथार्थ परक बनाएको छ । कुनै पनि कुरा, चाहे त्यो आत्माको रुपमा होस् चाहे कुनै परम सत्ताको रुपमा होस् नित्य र अन्तिम हुन सक्दैन । विज्ञानको क्षेत्रमा समेत यान्त्रिक भौतिकवादीहरुले पदार्थको सबै भन्दा सानो अंश मानिएको परमाणुलाई अन्तिम र नित्य मानेका थिए तर पछि पत्तालाग्यो परमाणु अन्तिम हैन । यो पनि अझ टुक्रा गर्न सकिने, अत्यन्त सुक्ष्म कणहरुको वृहत संरचना हो । इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोन मात्र हैन परमाणुमा असंख्य उप पारमाणविक कण (Subatomic Particles) र तिनका प्रतिकण (Anti-Particle) हरु पनि हुन्छन् । अहिले सम्म दुई सय भन्दा पनि बढी त्यस्ता कणहरु पत्तालागि सकेका छन् । त्यस्ता धेरै कणहरुको आयु त केवल एक सेकेण्डको अरबौं अंशमा छ । एकै समयमा ती कणहरुले कणको जस्तो गुण पनि देखाउँछन् तरंगको गुण पनि देखाउँछन् । वास्तवमा नाभिकीय भौतिक शास्त्र (Nuclear Physics) को विकाससगै अनित्यवादको दरिलो पुष्टि पनि मिल्दै गएको देखिन्छ ।

समग्रमा आधुनिक विज्ञानले बुद्ध दर्शनमा अन्तर्निहित प्रतित्य समुत्पाद र अनित्यता जस्ता आधारभूत सिद्धान्तहरुलाई वैज्ञानिक विश्लेषणबाट नै प्रमाणित गर्दै बुद्धको सान्दर्भिकता अझै बढाएका छन् । मानिसको दुख निराकरणमा बढि केन्द्रित रहेको बुद्ध दर्शन वैज्ञानिक खोज तथा अनुसन्धानका लागि पनि सहयोगी हुन सक्ने देखिन्छ । शायद यही कारणले यस युगका महान वैज्ञानिक अलबर्ट आइन्सटाइनले भनेका थिए "भविष्यको धर्म एउटा विश्व धर्म हुनेछ । यसले व्यक्तिगत इंश्वरको धारणालाई नाघेर जानुपर्छ र कोरा सिद्धान्त र नारालाई हटाउनु पर्छ । यस्तो धर्म सार्थक एकताको रुपमा प्राकृतिक र अध्यात्मिक सबै कुराको अनुभवबाट उत्पत्ति भएको धार्मिक चेतनामा आधारित हुनुपर्नेछ । केवल बुद्ध धर्मले यस्तो वर्णनलाई पूरा गर्छ ।" धर्मगुरुको रुपमा पुजित बुद्धको वैज्ञानिक छवि धुमिल हुन नदिनको लागि बुद्धवादीहरुले आफूलाई सधैं वैज्ञानिक खोज र अनुसन्धानको सम्पर्कमा राखिरहनु पर्ने देखिन्छ अन्यथा यो धर्मपनि अन्य तथाकथित इश्वर वादी धर्महरु जस्तै जडसूत्रवादी धर्मको रुपमा परिणत हुने सकेत देखा परेका छन् ।

kplo61@rediffmail.com

अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्य तिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** पहिलो पटक प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्यलाई**
हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु ।



**पञ्चलक्ष्मी बुद्धाचार्य**
मोहरीया टोल

अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्यतिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने काठमाण्डौ बुद्ध विहारका
**भिक्षु कोण्डन्य लाई** हार्दिक बधाई ज्ञपन गर्दछु ।



**चन्द्र लक्ष्मी बुद्धाचार्य**
मोहरीया टोल

# The United Nations resolution and its Meaningful implementation

• Prem L. Chitrakar

The United Nations Organization is going to observe, the Day of Baishak, as an International Recognition, at its Headquarters and other United Nations Offices. This resolution which was adopted at the 79th plenary meeting of the United Nations, on December 15, 1999, after it was sponsored by 34 member countries of the world body.

However, if the United Nations Resolution is to be implemented successfully and are to be continued to the years to come, beginning from the year 2001 and if such implementation is to be made effective and meaningful in terms of conceiving a new global paradigm of world peace based on Buddha's peace massage, a supplementary resolution is also to be introduced in the UN general assembly before May 7, 2001 and get it adopted.

The major paragraphs of the resolution no. 54/115 - adopted have been (1) Acknowledging the hope expressed by the international Bhuddhist conference held in Sri Lanka in November, 1998 that day of Baishak the day of the full moon in the month of may, each year, berecognized internationally and in particular at the United Nations Headquarter and other United Nations Offices. (2) Recognizing that the day of the full moon in the month of May is the most sacred to Buddhists who commomorate on that day, the birth of the Buddha his attainment of enlightenment, and his passing away. (3) Considering that international Recognition at United Nations Headquarter and other United Nations Offices would constitute an acknowledgment of the contribution that Buddhism, one of the oldest religions in the world, has made for over two and half millennium and continues to make to the spirituality of humanity. (4) Resolves that without cost to the United Nations, appropriate arrangements shall be made for International Observances of the day of Baishak at the United Nations Headquarters and other United Nations Offices, in consultation with the relevant United Nations Offices and with permanent missions that also wish to be consulted.

If one critically examines the United Nations Resolution No. 54/115 adopted by the 79th Plenary meeting of the United Nations on December 15, 1999, the last paragraph of the resolution seems inadequate in observing the day of Baishak, under the United Nations, effectively and meaningfully, each year.

An appropriate arrangement has not been made in observing the day of Baishak at the United Nations Headquarters and other United Nations Office. In other words, this matter has not been well thought out by the United Nations, according to available information. But the United Nations Resolution is to be implemented meaningfully in order to conceive a new global paradigm of world peace and security in the world in this Third Millennium.

Annually, all the governments of the world - who are the member of the United

Nations have basically been observing different Days, such as World Food Day and World Environment Day to name but few, ever since, the United Nations Organization was established in 1945. These different days has observed to highlight the importance of the Day designated, They have not been observed by the Governments all over the world but to create awareness as well as to depend the understanding of the importance of the day designated in terms of its aims and objectives. These different days have also been observed based on given them, provided by concerned institutions and organizations, which have been create or developed under the United Nations, to deepen the understanding of the thoughts or ideas of the theme or to spread the massages of the themes adopted, all over the world.

Under these situation, the ovservation of the day of Baishak should not be limited to the United Nations Headquarters and other United Nations Offices. The Day of Baishak should therefore be observed, each year, not only by the Government of the member countries of the United Nations but also, by the INGO, NGO's under the clarion call of the United Nations.

Fundamentally, the Day of Baishak is to be observed not only to create awareness about the Middle path, the Four Nobles Truths, the Noble Eightfold Path, the Theory of Dependent Origination, the principles of impermanence and the Middle Paths but also to deepen their understanding to salvage or to liberte the mankind in the world from their suffering .

Similarly, an international Observation of the Day of Baishak is also to be considered as an opportunity not only to the United Nations Organization but also to the small or weaker Nations of the world to know the peace massage of Lord Buddha or in conceiving a new global paradigm of world peace and security in this millennium. It is, therefore, an appropriate them is also to be chosen to observe the Day of Baishak in the years to come.

While observing the day of Baishak in the year 2001, the below mentioned theme, as one of the peace massages of Lord Buddha is to be chosen by the United Nations.The theme should be - "Hatred is indeed, never appeased by hatred in this world . It is appeased only by loving kindness. This is an ancient law." This one of the massages of peace provided in Dhamma Path, one of the teachings of Buddha.

Similarly, Nepal is not only the country where Buddha was born but it is also one of the authority countries the world on Buddhism. In order to provide appropriate theme, each year, in observing the day of Baishak from 2001 onwards, an International Institute of Buddhist Student is also to be established in Nepal, under the United Nations Organization. The establishment of such institution in Nepal is necessary not only to provide appropriate theme in observing the day of Baishak, but also to undertake necessary studies as well as to disseminate the invaluable teachings of Lord Buddha, for the salvage of mankind in the world.

It is therefore, if the United Nations Resolution is to be implemented meaningfully, in the years to come, a supplementary resolution to the resolution No. 54/115 is to be tabled, before coming May 7, 2001 in the 189 members UN General Assembly and get it adopted.

***

## धर्मशिला विद्वत वृति व्यवस्थापन समिति गठन

पोखरा दिवगत धर्मशिला गुरुमाको नाममा संस्थापित धर्मशिला विद्वत वृति व्यवस्थापनको लागि कार्तिक १ गते धर्मशिला बुद्ध विहारमा संस्थापिका अनागारिका कर्मशिलाको विशेष उपस्थितिमा भएको दाताहरुको एक भेलाले विद्वत वृत्ति व्यवस्थापन गर्न एक समितिको गठन गरेको छ।

भिक्षु श्रद्धानन्दको सभापतित्वमा गठित सो समितिमा बिल बहादुर गुरुङ, तिलकमान गुभाजू र अनिता ताम्राकार सदस्य रहनु भएको छ भने सदस्य सचिवमा उत्तममान बुद्धाचार्य तोकिनु भएको छ।

समितिले विद्वत वृत्तिको लागि योग्य व्यक्तित्वको छनौट गर्नेछ र दिवगत धर्मशिलाको पूण्य तिथि आगामी कार्तिक २९ गते सो विद्वत वृति प्रदान गरिनेछ। विद्वत वृति प्राप्त गर्ने व्यक्तिले आगामी एक वर्षमा कमसेकम ४ वटा प्रवचन दिनुपर्ने व्यवस्था गरिएको छ। सो विद्वत वृति अनागारिका कर्मशिलाले गत वर्ष संस्थापन गर्नु भएको हो।

## बौद्ध अर्घौ सदनमा कंङग्युर पाठ सम्पन्न

पोखरा बौद्ध अर्घौ सदनको रजत जयन्तीको उपलक्ष्यमा सदनमा सबै प्राणीहरुको उद्धार तथा विश्व शान्तिको कामना गरी बुद्ध धर्मको पवित्र ग्रन्थ कङ्ग्युरको आश्विन २० गते देखि २९ गते सम्म पाठ गरियो। ३६७ जना लामागुरुहरुले पाठ गर्नु भएको कार्यक्रमको शुभारम्भ प्रमुख जिल्ला अधिकारी देवी प्रसाद भट्टराईले दीप प्रज्वलन गरी गर्नु भएको थियो।

कङ्ग्युर पाठ गर्ने सो कार्यक्रममा हेम्जा स्थित वोधि धर्म दीपश्य विहारका ५५ जना, कर्मसिद्ध परपरा धर्मचक्र दीपश्य विहार माटेपानीका ८१ जना, धे छिडलिङ गुम्बा र बौद्ध सदन गुम्बा, आँबुखैरेनीका लामाहरु सम्मिलित हुनुहुन्थ्यो। समारोहमा वक्ताहरुले अन्य भाषामा भएका महत्वपूर्ण ग्रन्थहरुको नेपालीमा अनुवाद गर्नुपर्ने कुरामा जोड दिनु भयो।

प्रमुख अतिथि प्रमुख जिल्ला अधिकार देवी प्रसाद भट्टराइले बुद्ध धर्मको महत्वमाथि चर्चा गर्दै वर्तमान परिप्रक्ष्यमा बुद्ध धर्मको शिक्षा, सिद्धान्त र आदर्श अरु आवश्यक भएको औल्याउनु भयो। समारोहमा भिक्षु श्रद्धानन्द, बौद्ध अर्घौ सदनका अध्यक्ष कप्. उमरध्वज गुरुङ, सदनका सल्लाहकारहरु लगायतका वक्ताहरुले पञ्चशीलको पालन, कङ्ग्युर पाठको महत्व आदि बारे बोल्नु भएको थियो। शुरुमा उपाध्यक्ष वीर बहादुर गुरुङले स्वागत भाषण गर्नु भएको थियो।

खेम्पो वागिन्द्रशिलले २० गते देखि एक सातासम्म कङ्ग्युरको विषयमा धर्मदेशना गर्नु भएको थियो। सो कार्यक्रमलाई सफल पार्न सदनका कार्य समिति, उप समिति, आमा समूह, लगायत थुप्रै उपासक उपासिकाहरुको सहभागीता रहेको थियो।

२९ गते समापनमा सदनका भित्तामा लेखिएका देवताहरुको प्रतिष्ठा पूजा गरिएको थियो। त्यसपछि रिम्पोछे गुरु फाउलिङद्वारा वाङको बारे प्रवचन गरी वाङ प्रदान गर्नु भएको थियो। त्यस बेला श्रद्धालुहरुवाट प्रदान गरिएको चन्दा रु. ८,१२,३१३।५० भएको सदनले जनाएको छ। त्यसमध्ये १,६२,०५१/- रुपैया कार्यक्रमको खर्च कटाइ रहेको ५०,००० कङ्ग्युर कोषमा जम्मा गरियो भने अरु सदनमा निर्माण भैरहेको बौद्ध शिक्षण अध्ययन भवनमा खर्च गर्ने निर्णय गरेको थाहा हुन आएको छ। कार्यक्रम सफल पार्न सघाउ पुर्याउने सबैलाई सदनले हार्दिक धन्यवाद ज्ञापन गरेको सचिव रुद्रवहादुर घलेले जनाउनु भएको छ।

## बौद्ध जागरण शिविर

पोखरा, बौद्ध अर्घौ सदनको रजत जयन्तीको उपलक्ष्यमा आयोजित बौद्ध जागरण शिविर हालै सम्पन्न भयो। पाँच दिन सम्म चलेको सो शिविर कार्तिक १० गते प्रारम्भ भएको थियो। शिविरमा क्याम्पस स्तरका ४५ जना युवा युवतीहरु सहभागी भएका थिए भने डा. गेहेन्द्रमान उदास "पोखरेली" र विकल शेरचनले सहभागीहरुलाइ प्रशिक्षण दिनु भएको थियो। प्रशिक्षणमा खेम्पो वागिन्द्रशिलको विशेष उपस्थिति थियो।

भण्डारढिक स्थित नेपाल आदर्श विद्यालयमा सञ्चालन भएको शिविरको उद्घाटन राजसभा स्थायी समितिका सदस्य गणेश वहादुर गुरुङले गर्नु भएको थियो। आफ्नो उद्घाटन भाषणमा उहाँले बुद्ध धर्म मानव धर्म भएको उल्लेख गर्दै यसले मानिसलाई परिश्रम र मेहनत गर्न समेत शिकाउछ भन्नुभयो।

समारोहमा प्रशिक्षकहरु डा. पोखरेली र शेरचन तथा रजत जयन्ती समारोह समितिका अध्यक्ष बिल बहादुर

गुरुङले प्रशिक्षणको महत्ववारे प्रकाश पार्नु भएको थियो ।

सदनका अध्यक्ष क्या. उमरध्वज गुरुङको सभापतित्वमा भएको समारोहमा लिटिल स्टेप बोर्डिङ स्कूलका संस्थापक शेरवहादुर गुरुङ, पोखरा उपमहानगरपालिकाका पूर्व उप-प्रमुख क्या. मान वहादुर गुरुङ, धर्मशिला बुद्ध विहार दायक सभाका सभापति तिलकमान गुभाजू, युवा बौद्ध संघका अध्यक्ष प्रकाश उदास लगायतका वक्ताहरुले वोल्नु भएको थियो ।

समारोहका शुरुमा खेम्पो वागिन्द्रशिलले त्रिरत्न गमन पाठ गरउनु भएको थियो भने प्रशिक्षणका संयोजक विर वहादुर गुरुङले प्रशिक्षणको महत्वमाथि प्रकाश पार्दै स्वागत भाषण गर्नु भएको थियो ।

सभाको सञ्चालन सदस्य सचिव रुद्र बहादुर घलेले गर्नुभएको थियो ।

## धर्म शिक्षा विद्वत वृत्तिमा थप सहयोग

पोखरा/अनगारिका कर्मशिलाले आफ्ना अग्रज अनगारिका धर्मशिलाको नामबाट संस्थापना गर्नु भएको धर्मशिला विद्वत वृत्तिमा अन्य दाताहरुबाट थप सहयोग प्राप्त भएको छ ।

विद्वत वृत्तिमा आर्थिक सहयोग गर्नु हुनेहरुमा पदमकुमारी श्रेष्ठबाट रु. २,०००/- र चन्द्रलक्ष्मी गुभाजूबाट रु. ५००/- प्राप्त भएको समाचार छ ।

## धर्मशिला विद्वत वृत्ति व्यवस्थापन समिति

पोखरा/अनगारिका कर्मशिलाले गत वर्ष संस्थापना गर्नु भएको धर्मशिला विद्वत वृत्ति व्यवस्थापनको लागि हालै बुद्ध विहारमा बसेको सभाले व्यवस्थापन समिति गठन गरेको छ ।

भिक्षु श्रद्धानन्दको सभापतित्वमा गठित सो समितिमा उत्तममान बुद्धाचार्य सचिव र सदस्यहरुमा विल वहादुर गुरुङ, तिलकमान गुभाजू र अनिता ताम्राकार सदस्य रहनु भएको छ ।

व्यवस्थापन समितिको बैठकले धर्मशिला विद्वत वृत्ति काठमाण्डौ मरुटी मण्डप स्थित बुद्ध विहारका भिक्षु कोण्डन्यलाई प्रदान गर्ने निर्णय गरेको छ । सो विद्वत वृत्तिमा नगद रु. १५,०००/- राखिएको छ । विद्वत वृत्ति धर्मशिला गुरुमाको १६औं पुण्य तिथिका दिन २०५९ कार्तिक २९ गते एक समारोहको आयोजना गरि प्रदान गरिने भएको छ ।

## विश्व शान्ति स्तूपमा वार्षिक पूजा सम्पन्न

पोखरा/पुम्दीभुम्दी स्थित अनदु मीन थुम्कीमा निर्मित विश्व शान्ति स्तूपमा कार्तिक १९ गते (५ अक्टोबर) का दिन चौथो वार्षिक पूजा सम्पन्न भयो । पूजा समारोहमा जापानका भिक्षु भिक्षुणी, नेपालका भिक्षु अनगारिका तथा लामाहरुको विशेष उपस्थिति थियो । समारोहमा बौद्ध अर्घौ सदन, धर्मशिला बुद्ध हिवार तथा सद्धर्म सभा, धर्म संघ बुद्ध विहारका पदाधिकारी तथा सदस्यहरु सरिक हुनु भएको थियो ।

समारोहमा निप्पोनजान म्याहोजीका भिक्षु योसिदाले विश्वमा हत्या, हिंसा, उपद्रव र सैनिक बल बढ्दै गएको चर्चा गर्दै बदलाको भावनाले झन अर्को बदला जन्म दिन्छ भन्दै मानव जातिको भलाईको लागि शान्ति अवश्यभावी छ भन्नु भयो । उहाँले मानव जातिको कल्याणको लागि बुद्ध धर्मको विकास हुनु पर्ने तथा राजा अशोकको पालामा जस्तै बौद्ध संस्कृति फैलाउनु पर्नेमा जोड दिनु भयो । उहाँले भगवान बुद्धका प्रतीक यो शान्ति स्तूपले द्वन्द र हिंसारुपी अन्धकार नाश गरी शान्ति रुपी प्रकाशको ज्योति फैलाउने काम गरेको छ भन्नु भयो । भिक्षु योशिदाले फुजी गुरुले विश्वमा शान्ति कायम राख्न आधुनिक हातहतियारको सन्त्रासबाट वचाउन अथक प्रयास गर्नु भएको पनि स्मरण गराउनु भयो ।

भिक्षु मोरियोका सोनीले स्वागत भाषण गर्नु हुँदै शान्ति स्तूपको निर्माणले नेपाल र जापानको सम्बन्ध बढाउन गर्न तथा बुद्ध शिक्षा फैलाउन सहयोग पुऱ्याएको वताउनु भयो ।

समारोहमा जापानी दाताहरुले पोखराका पाँच जना साना नानीहरुको संरक्षकत्व ग्रहण गरी उनीहरुलाई कापी, कलम, लुगा, कपडा प्रदान गरी नगद छात्रवृत्ति प्रदान गरिएको थियो ।

सभापतिको आसनबाट विश्व शान्ति स्तूप समितिका सदस्य तथा कार्यवाहक उपाध्यक्ष भिक्षु श्रद्धानन्दले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । समारोहमा अध्यक्ष कृष्ण बहादुर गुरुङको उपस्थिति थिएन ।

समारोह सह सचिव कृष्णमान गुभाजूले सञ्चालन गर्नु भएको थियो ।

अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्य तिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ र उहाँको नाममा स्थापित
**धर्मशिला विद्दत वृत्ति** पहिलो पटक प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्यलाई**
हार्दिक बधाई ज्ञापन गरी उहाँको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु !

**विमला बुद्धाचार्य**
मोहरीया टोल

---

अनगारिका धर्मशिला गुरुमाको १६औं पुण्यतिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा स्थापित
**धर्मशिला विद्दत वृत्ति** प्राप्त गर्नुहुने काठमाण्डौं बुद्ध विहारका
**भिक्षु कोण्डन्य** लाई हार्दिक बधाई ज्ञपन गर्दछु ।

**बुद्धलक्ष्मी बज्राचार्य**
बगाले टोल

---

अनगारिका धर्मशिलाको १६औं पुण्यतिथिमा गुरुमाको
हार्दिक स्मरण गर्दै उहाँको स्मृतिमा संस्थापित
**धर्मशिला विद्दत वृत्ति**
प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्य** लाई हार्दिक शुभकामना ज्ञापन गर्दछु ।

**चन्द्र लक्ष्मी गुभाजु**
नयाँ बजार

---

अनगारिका धर्मशिला गुरुमाको १६औं पूण्य तिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ र उहाँको नाममा स्थापित
**धर्मशिला विद्दत वृत्ति** पहिलो पटक प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्यलाई**
हार्दिक बधाई ज्ञापन गरी उहाँको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु ।

**श्रीमाया श्रेष्ठ**
बगाले टोल

अनगारिका धर्मशिला गुरुमाको १६औं पुण्यतिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने काठमाण्डौं स्थित बुद्ध विहारका
**भिक्षु कोण्डन्य** लाई हार्दिक बधाई ज्ञपन गर्दछु ।

**बिष्णुमाया बज्राचार्य**
मोहरीया टोल

---

अनगारिका धर्मशिलाको १६औं पुण्यतिथिमा गुरुमाको
हार्दिक स्मरण गर्दै उहाँको स्मृतिमा संस्थापित

**धर्मशिला विद्वत वृत्ति**

प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्य** लाई हार्दिक शुभकामना ज्ञापन गर्दछु ।

**दमयन्ती शाक्य**
तेर्सापट्टी

---

अनगारिका धर्मशिला गुरुमाको १६औं पुण्य तिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** पहिलो पटक प्राप्त गर्नु हुने **भिक्षु कोण्डन्यलाई**
हार्दिक बधाई ज्ञापन गरी उहाँको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु ।

**रुकु शाक्य**
नदीपुर

---

अनगारिका धर्मशिला गुरुमाको १६औं पुण्यतिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने काठमाण्डौं बुद्ध विहारका
**भिक्षु कोण्डन्य** लाई हार्दिक बधाई ज्ञपन गर्दछु ।

**फूलु बज्राचार्य**
मोहरीयाटोल

Wondershare PDFelement

का जि दर्ता नं - ३३ ०५३ ०५४
हुलाक दर्ता नं - ०१ ०५८ ०५९

मेरा अग्रज तथा पथ प्रदर्शक श्रद्धेय अनगारिका धर्मशिला गुरुमाको
**१६औं पूण्य तिथिको उपलक्ष्यमा गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली**
अर्पण गर्दछु र उहाँको नाममा संस्थापित

## धर्मशिला विद्वत वृत्ति

प्राप्त गर्नु हुने काठमाण्डौं भृकुटी मण्डप स्थित
बुद्ध विहारका श्रद्धेय **भिक्षु कोण्डन्य** लाई
हार्दिक बधाई ज्ञापन गरी उहाँको
उत्तरोत्तर उन्नति र प्रगतिका
लागि हार्दिक शुभकामना
व्यक्त गर्दछु ।



**अनगारिका कर्मशिला**
धर्मशिला बुद्ध विहार, पोखरा

---

अनगारिका धर्मशिला गुरुमाको
१६औं पूण्य तिथिको उपलक्ष्यमा
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण
गर्दछौं र उहाँको नाममा स्थापित

### धर्मशिला विद्वत वृत्ति

पहिलो पटक प्राप्त गर्नु हुने
**भिक्षु कोण्डन्यलाई**
हार्दिक बधाई ज्ञापन गरी उहाँको उत्तरोत्तर
उन्नति र प्रगतिको कामना गर्दछु ।



**नेत्र कुमारी गुभाजु**
मोहरीया टोल

---

अनगारिका धर्मशिलाको १६औं
पूण्यतिथिमा गुरुमाको
हार्दिक स्मरण गर्दै उहाँको स्मृतिमा
संस्थापित

### धर्मशिला विद्वत वृत्ति

प्राप्त गर्नु हुने
**भिक्षु कोण्डन्य** लाई
हार्दिक शुभकामना ज्ञापन गर्दछु ।

**सरस्वती बुद्धाचार्य**
मोहरीया टोल

Wondershare PDFelement